का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २६०
❒ २८ कात्तिक २०७८, आइतबार
❒ 14 November 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## अदालतप्रतिको उदासिनता दुर्भाग्य !

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ कात्तिक ।

सर्वोच्च अदालतको संकटप्रति त्रिभुनव विश्वविद्यालयका पूर्व उपकुलपतिहरुले समेत चासो देखाएका छन् । शनिबार संयुक्त बक्तव्य जारी गर्दै पूर्व उपकुलपतिहरु महेशकुमार उपाध्याय, केदारभक्त माथेमा, कमलकृष्ण जोशी र नवीनप्रकाश जंग शाहले



अदालतप्रतिको उदासिनतालाई दुभार्ग्य भनेका छन् ।

पूर्व उपकुलपतिहरुले सर्वोच्चसँग गाँसिएको स्थिति सुधारमा अविलम्ब प्रयान गर्न आग्रह गरेका छन् । सरकार र दलहरुले अदालतको संकटप्रति उदासिन हुन नमिल्ने उनीहरुको ठहर छ । “न्यायालय प्रति जनताको विश्वासमा स्खलन आउन नदिन आन्दोलनले अविलम्ब निकास पाउन आवश्यक छ”, विज्ञप्तिमा उल्लेख

> सर्वोच्च अदालतको संकट लम्बिदै जाँदा प्राज्ञिक तप्काले पनि चासो देखाउन थालेका छन् । शनिबार त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपतिहरुले सर्वोच्चको संकटबारे जिम्मेवार निकाय उदासिन हुनुलाई दुर्भाग्य भएको टिप्पणी गरेका छन् ।

छ । जनताको विश्वास गुमेमा न्यायालयमा जनता नआउने उनीहरुको चेतावनी छ । “न्यायालयले जनताको विश्वास गुमाए न्याय पाउन कहाँ जाने ?”, बक्तव्यमा प्रश्न गरिएको छ । दलहरुले सर्वोच्च अदालतको संकटप्रति संवेदनहीन हुनु अत्यन्तै आश्चार्यलाग्दो रहेको पनि बक्तव्यमा उल्लेख छ ।

शनिबार पनि प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग गर्दै प्रदर्शन भएको छ । मानव अधिकार तथा शान्ति समाजले प्रधानन्यायाधीश जबराको राजीनामा माग गर्दै पुल्चोकमा आधा घण्टा प्रदर्शन गरेको छ । प्रदर्शनमा उत्रिएकाहरुले न्यायालयमा भागबण्डा गरिएको, न्यायालय प्रदूषित बनाउने प्रयास भएको, प्रधानन्यायाधीशले

बाँकी पृष्ठ २ मा



बागलुङको तारारवोला गाउँपालिकाका अर्गली मगर समुदायले मनाउने ऐतिहासिक भूष पोल्ने पर्वमा सहभागी । तस्वीर : खेमराज गौतम

### विभाजनको असर

# प्रतिनिधि चयन सर्वसहमत




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ कात्तिक ।

नेकपा एमालेको १०औं महाधिवेशनका लागि शनिबार प्रतिनिधि चयन भएका छन् । आगामी १०-१२ मंसिरमा हुने महाधिवेशनका लागि शनिबार प्रतिनिधि चयनको मिति तय भएको थियो । बिहीबारबाटै प्रतिनिधि चयनको प्रक्रिया शुरु भएको

> आगामी मंसिरमा हुने नेकपा एमालेको १० औं महाधिवेशनका लागि अधिकांश प्रतिनिधि सर्वसहमत चयन भएका छन् । गएको २ भदौमा मात्रै पार्टी विभाजित भएकाले पनि सर्वसहमत प्रतिनिधि चयनमा बल पुग्यो ।

थियो । तीन दिन अगाडिबाटै प्रतिनिधि चयनको शुरुवात गरेर शनिबार प्रतिनिधि चयन हुने प्रचार गरिनुको कारण सर्वसहमत प्रतिनिधि चयन गर्ने उद्देश्य थियो ।

त्यसैअनुसार, प्रतिनिधि चयन सर्वसहमत भएको केन्द्रीय कार्यालय सचिव शेरबहादुर तामाङले बताए । “सवैतिर सर्वसहमत प्रतिनिधि चयन भएका छन् । कहीकतैं बाँकी रहेको भएपनि सर्वसहमत नै चयन हुन्छ”, तामाङले भने । १० औं महाधिवेशनका लागि १९९९ प्रतिनिधि तोकेको थियो । प्रतिनिधिसभा निर्वाचन, प्रदेश, जनसंगठन, प्रवास, विभाग, केन्द्रीय कार्यालयबाट संगठित सदस्यताको आधारमा प्रतिनिधि चयन भएका छन् । एमालेले १२ सय संगठित सदस्य बराबर एक महिला सहित तीन प्रतिनिधि तोकेको थियो । ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित हुनेगरी थप आठ सय संगठित सदस्य बराबर एक प्रतिनिधि आउने व्यवस्था गरेको थियो ।

सोहीअनुसार भूगोल, जनसंगठन, विभाग, केन्द्रीय कार्यालय, प्रवासबाट प्रतिनिधि आएका छन् । जनसंगठनहरुबाट दुई महिला र तीन खुला गरी पाँच/पाँच जना प्रतिनिधि चयन भएका छन् । कुनैपनि जनसंगठनमा निर्वाचन भएन । यसअघि निर्वाचनबाट प्रतिनिधि चयन हुने अनेरास्ववियु, युवा संघ लगायतमा

बाँकी पृष्ठ २ मा

## चिसोले कठङ्ग्रिएका बाढीपीडितको दर्द

**नवीन लामिछाने/रासस**
मनाङ, २७ कात्तिक ।

जाडो बढ्दै गएपछि मनाङका बाढीपहिरा पीडित जोखिमयुक्त घरमा फर्किन बाध्य भएका छन् । चार महिनादेखि त्रिपालमा बसेका बाढीपीडित जाडो बढेपछि त्यसबाट सुरक्षित हुन जोखिमयुक्त घरमै भएपनि फर्किन थालेका हुन् । मर्स्याङ्दी नदीमा आएको बाढीको डुबान र पहिराले नासों गाउँपालिकामा मात्रै ८२ घरधुरीमा क्षति पुगेको थियो ।

त्यहाँका १५ घर अझै उच्च जोखिममा छन् । अविरल वर्षासँगै जेठ ३१ गते राति मर्स्याङ्दी नदी बढ्न थालेपछि नासों गाउँपालिका-१ तालगाउँ बाढीपीडित गाउँतर्फ नै फर्किएर चिसोबाट जोगिने ओत खोज्न थालेका छन् ।

राति आएको बाढीमा ज्यान जोगाउनेमध्येका एक हुन्, रामचन्द्र गुरुङ । उनले भने, “दुईतले घरको भुइँमा झर्दा पानी घुँडासम्म आइसकेको थियो । हारगुहार गर्दै तालडाँडासम्म पुगेर ज्यान बचाइयो । बिहान नहुँदै मेरो घर नभई तालगाउँ नदीको डुबानमा परेका थियो । चार महिना हुँदासम्म पनि सुरक्षित व्यवस्थापन हुन नसक्दा डुबानमा परेको घरमा जाडोबाट जोगिन ओत यही घरमा लाग्न बाध्य भएका छौं ।”

पछिल्लो समय संघसंस्थाको सहयोगमा आएको त्रिपालमा बस्दै आएका ताल गाउँवासी बाढीले आधा भत्काएको घरमा फर्किएका छन् । “कोठामा ढुङ्गा, मुढा र बालुवा पसेका छन् । दुईतले घरको तल बस्नै मिल्दैन । माथिको तला सरसफाइ गरेर, बार बेरेर बसेका छौं” उनी भन्छन् । उनका भिनाज्यू चन्द्र सिंह गुरुङको परिवार पनि उनी बस्दै आएका छन् । “भेनाको सबै घर डुबेकाले बस्ने नमिल्ने भएको छ” उनले भने ।

नगेन्द्र गुरुङको परिवार पनि त्रिपालबाट भत्किएकै घर सामान्य मर्मत गरी बस्न थालेका छन् । “भुइँतलाको घर चार कोठाको थियो । फ्रेस हाउस र खोर पनि डुबायो” नगेन्द्र भन्छन्, “एउटा कोठा काम लाग्दैन । चारवटा सबै पुरिएको छ । अरू कोठामा पसेको लेदो, गिट्टी, बालुवा फालेर बस्न थाल्यौं ।”

स्थानीय सिंहबहादुर गुरुङका अनुसार तालगाउँका नौ घरपरिवार तालडाँडामा त्रिपालमा छन् । ताल गाउँको सबै घर डुबानमा परेको थियो । सिरान तालको सात घरसहित करिब ६० घर डुबानमा परेको नासों गाउँपालिका-१ का अध्यक्ष झलकबहादुर गुरुङले बताए । ताल गाउँका मात्रै नभएर नासों गाउँपालिका-३ धारापानी, सदरमुकाम चामेका बाढीपहिरा पीडित पनि भत्किएकै घरलाई टालटुल पारेर सामान्य मर्मत गरी बस्न थालेका छन् ।

गाउँपालिकाका वरिष्ठ कार्यक्रम अधिकृत गोविन्दबहादुर रानाभाटका अनुसार गाउँपालिकाभित्रका ८२ घरधुरीमा बाढीपहिराले क्षति पुऱ्याएको छ । ४४ घर पूर्णरुपमा क्षति भएका छन् । यस क्षेत्रका १५ घरधुरी आंशिक क्षति तर उच्च जोखिममा रहेका छन् भने न्यून जोखिमका २३ घरधुरी छन् ।

बाँकी पृष्ठ २ मा

# नेपाल कतारको ‘उच्च जोखिम’को सूचीमा

**विनोद थापामगर/मध्यान्ह**
दोहा, कतार, २७ कात्तिक

वैदेशिक रोजगारी र अन्य कामका लागि कतार जाने नेपाली पुनः क्वारेन्टिनमा बस्नुपर्ने भएको छ । कतारले नेपालसहित १० मुलुकलाई कोरोना भाइरस (कोभिड-१९)को उच्च जोखिम सूचीमा राखेपछि क्वारेन्टिन बस्नुपर्ने भएको हो । कतारको स्वास्थ्य मन्त्रालयले पछिल्लो पटक सार्वजनिक गरेको जोखिमयुक्त मुलुकको सूचीमा नेपाल पनि परेको छ ।

सूचीमा नेपालसहित दक्षिण एशियाली मुलुक भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका, इजिप्ट, इण्डोनेशिया, फिलिपिन्स, सुडान र दक्षिण सुडान परेका छन् । कतारको पत्रिका द पेनन्सुला कतारले आगामी सोमबारदेखि नयाँ व्यवस्था लागू हुने बताएको छ । सोमबारपछि कतार आउनेले कम्तीमा एक हप्ता क्वारेन्टिन बस्नु पर्ने छ ।

कोरोनाविरुद्धको खोप, पीसीआर परीक्षणको व्यवस्था पहिलेकै नियम अनुसार हुने बताइएको छ । कतारले विश्वका १ सय ८१ मुलुकहरु खतरारहीत अर्थात हरियो सूचीमा राखेको छ । उक्त सूचीमा रहेका मुलुकहरुबाट कतार आउने नागरिकहरुलाई क्वारेन्टिन लगायतको बढी प्रक्रिया पूरा गर्नु नपर्ने बताइएको छ । यसैगरी २१ मुलुक भनें रातो सूचीमा परेका छन् । रातो सूचीमा परेका देशबाट आउनेहरुले भने क्वारेन्टिन लगायतको बढी प्रक्रिया पूरा गर्नुपर्छ ।

उता बहराइनले आइतबार रातिदेखि लागू हुने गरी नेपाललाई रातो सूचीबाट हटाउने निर्णय गरेको छ । बहराइनले नेपाललाई रातो सूचीबाट हटाउने निर्णय गरेसँगै विश्व स्वास्थ्य संगठनद्वारा मान्यता प्राप्त खोपको दुबै डोज लगाइसकेकाहरुलाई बहराइन प्रवेश पश्चात १० दिन अनिवार्य क्वारेन्टिन बस्नुपर्ने प्रावधान हटेको छ । यात्रुहरुले क्युआर कोडसहितको अंग्रेजी भाषामा जारी खोप प्रमाणपत्र अनिवार्य साथमा राख्नुपर्ने छ ।

खोप नलगाएका तथा खोपको मात्रा पूरा नगरेकाहरुले भने आफू बस्ने निवास वा बहराइनको स्वास्थ्य मन्त्रालयद्वारा निर्धारित स्थानमा क्वारेन्टिन बस्नुपर्ने बताइएको छ ।

### वैदेशिक रोजगार विशेष

## स्व. अध्यक्ष गैरेको परिवारलाई एसोसिएसनको सम्मान

**काठमाडौं/मस–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले पूर्व अध्यक्ष एवं नेपाल वैदेशिक रोजगार व्यवसायी संघका स्वर्गीय अध्यक्ष विष्णुप्रसाद गैरेको परिवारलाई आर्थिक सहयोगसहित सम्मान गरेको छ । गैरेको गत बैशाखमा कोरोना भाइरस संक्रमणबाट निधन भएको थियो ।

शुक्रबार एसोसिएसनको कार्यसमितिका पदाधिकारी, सदस्य तथा एसोसिएसनका पूर्व पदाधिकारीसहितको टोलीले स्व. गैरेकी धर्मपत्नी लक्ष्मी ढकाललाई उनको निवासमा सम्मान गर्दै ६ लाख रूपैयाँ हस्तान्तरण गरेको हो । एसोसिएसनका अध्यक्ष नरेन्द्र प्रसाद ढकालले स्वर्गीय पूर्व अध्यक्ष गैरेप्रतिको सम्मान र सहयोग स्वरूप उक्त रकम प्रदान गरिएको बताए ।

**कर्मचारी आवश्यकता**

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**Documentation Officer - 2 ( Male/Female)**
- Education: +2 passed
- Experience: Previous work experience in Manpower will be given priority.
- Excellent in computer (Photoshop, word and Excel)
- Salary : Negotiable

**PRO - 2 (Publice Relation Officer for UAE & Saudi Arabia)**
- Education: +2 passed
- Experience: Previous work experience in Manpower is compulsory.
- Excellent in computer (Photoshop, word and Excel)
- Salary: Negotiable

**Receptionist- 2 (Female)**
- Education: +2 passed
- Experience: Basic Computer skill.

तलब आपसी सम्झदारीमा

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.**
गौशला, काठमाडौं, नेपाल.
फोन: ०१-४५६०१६०, ४५७१४७१
श्रम इजाजत नं. ९००/०६७/०६८

**Email:** skywaygaushala@gmail.com
**Web:** www.skywaynepal.com

# आजदेखि 'फाइजर' खोपको पहिलो मात्रा लगाइँदै



**काठमाडौं/मस**–आजदेखि कोरोना भाइरस विरुद्धको खोप 'फाइजर' लगाउन शुरु गरिने भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार खोप मंसिर ४ गतेसम्म लगाइने छ। मन्त्रालयका सहप्रवक्ता डा.समिर कुमार अधिकारीका अनुसार दीर्घरोगीलाई लक्षित गरी आजदेखि खोप अभियान सञ्चालन गरिन लागिएको हो। नेपाललाई अमेरिकाले एक लाख ६२० मात्रा फाइजर खोप उपलब्ध गराएको थियो।

मन्त्रालयले दीर्घरोगी भएका १२ वर्ष उमेरदेखि माथिका व्यक्तिलाई फाइजर खोपको दुई मात्र दिइने जनाएको छ। खोप लगाउन जाँदा दीर्घरोगीले अस्पताल वा चिकित्सकले जारी गरेको दीर्घ रोगको उपचार सम्बन्धी पूर्जा लिएर जान भनिएको छ। खोप मन्त्रालयले देशभरिका विभिन्न २४ वटा अस्पतालबाट लगाउने भएको छ। मन्त्रालयका अनुसार मुटुको शल्यक्रिया गराएका वा औषधि सेवन गरिरहेका, मिर्गौला प्रत्यारोपण गराएका, डायलाइसिस गराइरहेका, जनुसुकै प्रकारको क्यान्सरको उपचार गराइरहेका, फोक्सोसम्बन्धी रोग, अंग प्रत्यारोपण गरेका, उच्च रक्तचाप, मधुमेह भई उपचार गराइरहेकालाई फाइजर खोप दिइने छ।

यस्तै रोग प्रतिरोधात्मक क्षमता कम भएका, मस्तिष्क र मस्तिकका रक्तनली सम्बन्धी रोग भएकालाई पनि फाइजर खोप दिइने मन्त्रालयका सहप्रवक्ता डा.अधिकारीले जानकारी दिए। उनका अनुसार फाइजर खोप सुरक्षित र प्रभावकारी रहेको तथा खोपको दुवै मात्रा लगाएमा ९५ प्रतिशतसम्म प्रभाकारी हुने अध्ययनले देखाएको छ।

फाइजर खोप २१ देखि २८ दिनको बीचमा दुई मात्रा लगाइसक्नुपर्ने हुन्छ। फाइजर खोपको दोस्रो मात्रा मङ्सिर २७ देखि पुस २ गतेसम्म सञ्चालन गर्ने मन्त्रालयले जनाएको छ।

यसैबीच शनिबार नेपालमा थप २९५ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको बुलेटिनमा आठ हजार २४३ जनामा परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको हो। शनिबार थपिएकासँगै देशभर सक्रिय संक्रमित सात हजार २७८ जना रहेको मन्त्रालयले जनाएको छ। नेपालमा संक्रमण दर १८.२ प्रतिशत पुगेको छ। पाँच सय बढी सङ्क्रमित भएको एक मात्र जिल्ला ललितपुर छ। दुई सयभन्दा बढी संक्रमित भएका जिल्ला १० छन्। ती जिल्लामा मोरङ, सुनसरी, धनुषा काठमाडौँ, भक्तपुर, कास्की, पूर्वी नवलपरासी, रुपन्देही, बाँके र कैलाली रहेका छन्।

हुम्ला र मुगुमा संक्रमित संख्या शून्य रहेका छन्। पछिल्लो २४ घण्टामा ४७८ जनाले कोरोना भाइरसको संक्रमणमुक्त भई फर्किएका छन्। योसँगै हालसम्म नेपालमा संक्रमणबाट मुक्त हुनेको संख्या सात लाख ९७ हजार ९२६ जना रहेको छ। नेपालमा संक्रमणमुक्त हुने दर ९७.७ प्रतिशत छ। शनिबार कोरोना संक्रमणबाट दुई जनाको मृत्यु भएको छ। हालसम्म संक्रमणबाट ११ हजार ४७१ जनाको मृत्यु भएको छ। होम आइसोलेशन छ हजार ७५२, संस्थागत आइसोलेशनमा ५२६ जना, सघन उपचार कक्षमा १९३ र भेन्टिलेटरमा ५७ जना रहेका छन्। यस्तै शनिबार ३४ हजार ७१६ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन्। शनिबार लगाइएको खोपसँगै अहिलेसम्म ८८ लाख २४ हजार ८१५ जनाले पहिलो मात्रा र ७५ लाख ४१ हजार २६७ जनाले पूर्ण मात्राको खोप लगाएका छन्।

# जनकपुरधाममा दुई समुदायबीच झडप



**जनकपुर/मस**–जनकपुरमा शनिबार दुई समुदायबीच झडप भएको छ। जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२० देवपुरा रुपैठामा मुस्लिम र हिन्दु समुदायबीचको विवादले उग्ररूप लिएपछि झडप भएको हो।

दुई समुदायबीचको अवस्था तनावपूर्ण बनेपछि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको छ। हिन्दु र मुस्लिमबीचको तनावपूर्ण अवस्थालाई नियन्त्रणमा लिन प्रहरीले करिब एक दर्जन अश्रुग्यास प्रहार गरेको छ। विवादले उग्ररूप लिँदा र त्यहाँ झडप हुँदा दुई प्रहरीसहित ३ जना घाइते भएका छन्। घाइते हुनेहरुमा एक सशस्त्र प्रहरी, एक जनपद प्रहरी र एक जना महिला रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

छठ पर्वमा स्थानीय तेलिया पोखरीमा घाट निर्माण गर्ने बिषयमा मुस्लिम समुदायले अवरोध खडा गरेपछि भएको झडपमा हिन्दु समुदायका चार जना घाइते भएका थिए। सोही विषयलाई लिएर शनिबार हिन्दुवादी संगठनहरु जनकपुरधामबाट प्रदर्शन गर्दै रुपैठा पुगेका थिए। रुपैठा गएको समूह र त्यहाँ रहेको मुस्लिम समुदायबीच झडप भएको हो। झडपलाई नियन्त्रणमा लिनका लागि प्रहरीले एक दर्जन भन्दा बढी अश्रु ग्यास प्रहार गरेको थियो। यता, स्थानीय ओम प्रकाश पण्डितले आफूहरुलाई घरमा प्रवेश गरेर मुस्लिम समुदायका केही व्यक्तिहरुले कुटपिट समेत गरेको बताएका छन्।

विवाद बढ्दै गएपछि नियन्त्रणमा लिन र त्यहाँको अवस्था सामान्य बनाउन जिल्ला प्रशासन कार्यालय धनुषले शनिबार दिउँसोदेखि उक्त क्षेत्रमा निषेधाज्ञा जारी गरेको छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोलाले विज्ञप्ति जारी गर्दै केही उच्छृखल व्यक्ति तथा समूहहरूले जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२० देवपुरा रुपैठामा सम्प्रादायिक सद्भावमा खलल पुग्ने गरी नारा जुलुससहित हुलहुज्जत गरिरहेको बुझिएकोले तत्कालको शान्ति सुरक्षाको अवस्थालाई मध्यनजर गर्दै चारकिल्ला भित्र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को ३ (क) बमोजिम कुनै प्रकारको भेला जुलुस, प्रदर्शन, घेराउ, र्याली, सभा जस्ता क्रियाकलाप गर्न नपाउने गरी शनिबार दिउँसो २:०० बजे देखि आइतबार राती १०:०० बजेसम्मका लागि निषेधाज्ञा आदेश जारी गरिएको जनाएका छन्।

पूर्वमा जलाद नदीको कल्री बाँध, पश्चिममा जनकपुर जटही मार्ग दोबाटो, उत्तरमा हनुमाननगर रामपुर बहुअर्वा जाने बाटो र दक्षिणमा देवपुरा निमचौक देखि बहुअर्वा जाने बाटोसम्म निषेधाज्ञा जारी गरिएको छ। सम्प्रदायिक सद्भावमा खलल पुग्ने गरी नारा जुलुस, हुलहुज्जत भएको भन्दै स्थानीय प्रशासनले जनकपुरधाममा निषेधाज्ञा आदेश जारी गरेको छ।

# किशोरी बलात्कारका आरोपी फरार

**शुभनारायण कामती/मध्यान्ह**
सिरहा, २७ कात्तिक

सिरहामा एक किशोरी बलात्कृत भएकी छन्। लहान नगरपालिका १४ की १७ वर्षीया किशोरीलाई बलात्कार गरेको आरोपमा २४ वर्षीय शिवा पासवानबिरुद्ध इलाका प्रहरी कार्यालय लहानमा उजुरी परेको छ।

पीडित किशोरीमाथि बिहीबार बलात्कार गरेको आरोपमा कारवाहीका लागि उजुरी परेको इलाका प्रहरी कार्यालय लहानका प्रमुख डीएसपी डाक्टर तपन दाहालले जानकारी दिएका छन्। पीडित किशोरीको स्वास्थ्य परीक्षण गरिएको र आरोपितको खोजिकार्य भइरहेको जनाइएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको पनि प्रहरीले जनाएको छ।

### अदालतप्रतिको...

सौदाबाजीगरेको लगायत प्लेकार्ड बोकेका थिए। शुक्रबार मात्रै तीन वटा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाले सर्वोच्चको संकटबारे चासो राखेका थिए। प्रधानन्यायाधीशमाथि प्रश्न उठेकाले छानबिन गर्न सुझाव समेत दिइएको थियो। तर शनिबार पनि राजनीतिक दलका नेताहरुले भने सर्वोच्चको संकटबारे कुनै पहल लिएनन्। सत्ता साझेदार दल नेकपा एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठक शनिबार नै शुरु भयो। तर बैठकमा सर्वोच्चको संकटबारे छलफल भएन।

"सर्वोच्च अदालतमा राजनीति प्रवेश गराउनु हुन्न। दलको बैठकमा सर्वोच्च अदालतबारे छलफल हुने कुरा पनि भएन", एकीकृत समाजवादीका महासचिव वेदूराम भुसालले भने। सत्तारुढ नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादीका नेताहरुले शनिबार पनि अदालतको विवाद त्यही समाधान हुनुपर्ने बताए।

प्रधानन्याधीश जबराले पनि सडकबाट माग्दैमा राजीनामा नदिने अडान लिइरहेका छन्। जबकी ७ कात्तिकदेखि सर्वोच्च अदालतको न्याय सम्पादन प्रक्रिया अवरुद्ध छ। सर्वोच्चका न्यायाधीशहरुले प्रधानन्यायाधीश जबराको राजीनामा नआएसम्म इजलासमा नबस्ने अडान लिएका छन्। नेपाल बार एशोसिएशन त आन्दोलनमै छ। शुक्रबार प्रधानन्यायाधी जबरालाई सर्वोच्च अदालत प्रवेशमा रोक लगाउने आन्दोलन गरेको बारले आज पनि प्रधानन्यायाधीशलाई प्रवेश गर्न नदिने चेतावनी दिएको छ।

### विभाजनको ....

पनि यसपटक सर्वसहमत प्रतिनिधि चयन भएका छन्। विभागहरुबाट पनि सर्वसहमत प्रतिनिधि चयन भएका छन्।

सुनसरी, पर्सा, रुपन्देही लगायत जिल्लामा प्रतिनिधि चयनमा सकस देखिए पनि सर्वसहमत प्रतिनिधि चयन गर्ने प्रयास कायमै रहेको नेताहरुले बताएका छन्। एमालेले केन्द्रीय कमिटीमा रहेकाहरुलाई भने पदेन प्रतिनिधि मानेको छ। १९९९ प्रतिनिधि आएपछि यसको १० प्रतिशत मनोनित गर्ने एमालेको तयारी छ।

महाधिवेशन प्रतिनिधि चयन हुनुअघि अध्यक्ष केपी शर्मा ओलीले सकेसम्म निर्वाचन प्रक्रियामा नजान निर्देशन दिएका थिए। अधिकतम सहमतिको प्रयत्न गर्न निर्देशन दिएका ओलीले संगठनात्मक अराजकता निम्त्याउने कार्यमा सहभागी नहुने पनि चेतावनी दिएका थिए। अध्यक्ष ओलीको निर्देशन मात्रै नभएर एमाले भर्खरै विभाजित भएकाले पनि सर्वसहमत प्रतिनिधि चयनमा बल पुगेको छ।

एमालेभित्रको एउटा समूहको नेतृत्व गर्दै माधव नेपालले गएको २ भदौमा नेकपा एकीकृत समाजवादी गठन गरेका छन्। एमालेभित्र अन्तरसंघर्षमा रहेका नेता तथा कार्यकर्ता अलग दलमा गइसकेकाले पनि सर्वसहमत प्रतिनिधि चयनमा बल पुगेको एक नेताले बताए। "पार्टीभित्र केपी ओली समर्थकहरुको लगभग एक्लौटी रहेकाले पनि सर्वसहमत नेतृत्व चयन हुन पुग्यो", ती नेता भन्छन्।

१० बुँदे सहमतिगरी स्थायी कमिटीका १० नेता एमालेमै बसेका छन्। तर उक्त तल्ला कमिटीहरुमा धेरै ठूलो संख्या १० बुँदे पक्षधर नभएकाले पनि सर्वसहमत प्रतिनिधि चयनमा बल पुगेको छ।

### चिसोले ....

वरिष्ठ कार्यक्रम अधिकृत रानाभाटका अनुसार १ नं वडाको तालमा मात्रै ५९ घरमा क्षति पुगेको थियो। २३ घर पूर्ण क्षति भएका छन्। आठ घरमा सामान्य क्षति भएका छन्। अझै पनि तालका १५ घरपरिवार छिमेकीको आश्रयमा बस्न बाध्य छन् भने ६ घरपरिवार अन्यत्रै सरेका छन्। नासों-३, धारापानीका १४ घरपरिवार आफन्त कहाँ आश्रय लिएका लिन बाध्य छन्।

# सर्वोच्चको समस्या छिट्टै समाधान हुन्छ : यादव



**विराटनगर/मस**– सत्तारुढ जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले सर्वोच्च अदालतमा देखिएको समस्या छिट्टै समाधान हुने बताएका छन्।

अध्यक्ष यादवले न्यायालयभित्र राजनीतिक दलहरूले हस्तक्षेप गर्न उचित नहुने धारणा राखेका छन्। उनले दुनियाँमा कतै पनि राजनीतिक दलहरूले न्यायालयमा हस्तक्षेप गर्ने चलन नभएको दाबी समेत गरेका छन्।

शनिबार विराटनगर विमानस्थलमा सञ्चारकर्मीले राखेको जिज्ञासामा उनले न्यायालय आफूभित्र देखिएको समस्या समाधान गर्न आफैं सक्षम रहेको प्रतिक्रिया दिएका थिए।

उनले भने, 'न्यायालयको काम राजनीतिक दलहरूले र राजनीतिक दलहरुले गर्ने काम न्यायालयले गर्न थाल्यो भने त्यो झन् चौपट हुँदैन ? त्यसकारणले न्यायालयको समस्या समाधान गर्नका लागि त्यहाँ विद्वान अधिवक्ता, विद्वान न्यायाधीशहरू हुनुहुन्छ। उहाँहरू आफैं निकास दिन सक्षम हुनुहुन्छ।

राजनीतिककमीहरूले न्यायालयभित्र हस्तक्षेप गर्नु हुँदैन। आ-आफ्नो दायराभित्र रहेर समस्यालाई हल गर्नुपर्छ। त्यहाँ समस्या छ, त्यसको निरुपण चाँडै नै हुन्छ। त

यसलाई राजनीतिक रुपले हस्तक्षेप गर्न उचित हुँदैन। कहीं पनि दुनियाँमा यस्तो चलन छैन।' अध्यक्ष यादवले संविधान संशोधन नगरेकै कारण अदालतमा यस्तो समस्या आएको दाबी गर्दै त्यसलाई संशोधन नगरी अघि बढन नसकिने अडान दोहोऱ्याएका छन्। उनले सत्तारुढ दलहरूबीचको गठबन्धन आगामी निर्वाचनसम्म कायमै रहने बताएका छन्।

# चरेससहित तीन पक्राउ



**चितवन/मस**– चितवन रत्ननगर इलाका प्रहरी कार्यालयले एक सय ८४ किलो ३५० ग्राम चरेससहित तीनजनालाई नियन्त्रणमा लिएको छ।

रत्ननगर नगरपालिका-१४ शान्ति चोकबाट उनीहरुलाई नियन्त्रणमा लिइएको हो। प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाका अनुसार स्थानीयवासी विष्णु पन्तको घरमा गोदाम बनाई लुकाइ राखेको अवस्थामा चरेस बरामद गरिएको हो। पन्तको घरलाई वडा नं १५ निवासी उद्धव अधिकारीले गोदामका रुपमा प्रयोग गर्दै आएका थिए।

गोदामबाट ३२ वटा कार्टुनमा १९२ वटा चेवनपरासको भाँडामा राखिएको अवस्थामा चरेस बरामद गरिएको थियो। उक्त घटनामा संलग्न अन्यको खोजि भइरहेको जनाइएको छ।

# ५ लाखसहित १६ जुवाडे पक्राउ



**काठमाडौं/मस**– काठमाडौंको बुढानिलकण्ठ नगरपालिका-११ पौटार गैरीगाउँबाट जुवा खेलिरहेको अवस्थामा १६ जनालाई पाँच लाख रूपैयाँसहित प्रहरीले पक्राउ गरेको छ। स्थानीय नवराज पौडेलको तरकारी लगाउने भाडाको जग्गामा टहरा बनाई बसेको स्थानमा जुवा खेलिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको महानगरीय प्रहरी परिसरका प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले जानकारी दिएका छन्। जुवा खेलिरहेको छ भन्ने विशेष सूचनाका आधारमा महानगरीय प्रहरी वृत बौद्धको टोलीले शुक्रबार राति उनीहरुलाई पक्राउ गरिएको हो।

पक्राउ पर्नेमा गोकर्णेश्वर नगरपालिका-४ का कमल परियार, श्रीराम श्रेष्ठ, रोशन पौडेल, नवराज श्रेष्ठ, बुढानिलकण्ठ नगरपालिका-११ का गणेश उप्रेती, कुमार केसी, मिलन तामाङ, दिनेश पौडेल, सन्जिव खड्का, दामोदर पौडेल, मुकुन्द खड्का, राजु गिरी, विवेक कार्की, प्रल्हाद खड्का र कालीचरण चौधरी रहेका छन्। उनीहरूको साथबाट १६ थान कौडासमेत बरामद भएको महानगरीय प्रहरी वृत्त बौद्धले जनाएको छ। पक्राउ परेकालाई हिरासतमा राखेर जुवा ऐन अन्तर्गत अनुसन्धान थालिएको प्रहरीले जनाएको छ।

# अन्योलमा विद्युतीय बस सञ्चालन प्रक्रिया



**काठमाडौं/मस**– राजनीतिक उतारचढाव र पटक-पटक सरकारको परिवर्तनले बाग्मती प्रदेश सरकारको विद्युतीय बस खरिद र सञ्चालन अन्योलमा परेको छ। आर्थिक वर्ष २०७६/७७ देखि विद्युतीय बसलाई प्रदेश सरकारको गौरवको कार्यक्रमका रूपमा प्राथमिकतामा राखिए पनि त्यो अन्योलमा परेको छ। उक्त बस सञ्चालनका लागि आ.व. २०७६/७७ मा बस खरिद र सञ्चालनका लागि छुट्याइएको २८ करोड रुपैयाँ र आ.व. २०७७/७८ मा छुट्याइएको ४० करोड रुपैयाँ फ्रिज भएको छ। प्रदेश सरकारले चालु आ.व. २०७८/७९ मा पहिलो चरणमा ३० वटा विद्युतीय बस किन्ने र १५ वटा चार्जिङ स्टेशनका लागि सामग्री खरिद र जडान प्रक्रिया समेतका लागि ५० करोड रुपैयाँ विनियोजन गरे पनि चालु आवको चौथो महिना बित्न लाग्दासमेत बस खरिद प्रक्रिया शुरु भएको छैन्।

भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको यातायात व्यवस्थापन बोर्डका अनुसार हालसम्म बस खरिद प्रक्रिया अगाडि नबढेकाले चालु आवमा बस सञ्चालन हुने स्थिति देखिन्न। बोर्डका कार्यकारी निर्देशक जगदीश ढुंगानाले बस खरिदका लागि आह्वान गरिएको बोलपत्र अनुमानित रकमभन्दा बढी कबोल भएपछि रद्द गर्नुपरेको जानकारी दिएका छन्। यसैगरी आवश्यक बस सञ्चालनका लागि पूर्वाधार नभएसम्म तत्काल बस खरिद नहुने बोर्डका पदाधिकारीले बताएका छन्। अहिले सबै काम रोकिएको बताइएको छ। तत्कालीन प्रदेश सरकारले २०८५ सालभित्र प्रदेशका मुख्य सहरमा इन्धनबाट सञ्चालन हुने सवारीसाधनलाई विस्थापित गर्ने लक्ष्य लिएको थियो। प्रदेशसभामा विभिन्न विरोध हुँदा पनि विद्युतीय बस खरिद योजना तत्कालीन प्रदेश सरकारले चालु आवमै पास गरेको थियो।

# जनगणनामा मष्ठ धर्म नलेखाउन खस क्षेत्री एकता समाजको आग्रह

खस क्षेत्री एकता समाज आ/ज
केन्द्रीय कार्यालय बालाजु-१६ काठमाडौं

**काठमाडौं/मस**- खस क्षेत्री एकता समाज आ/जले राष्ट्रिय जनगणना भइरहेको बेला खस जातीको नाम लिएर हिन्दू धर्म परिवर्तन गरी मष्ठ धर्म लेखाउन सामाजिक सञ्जालहरुमा गरिएको प्रचारप्रति गम्भी ध्यानाकर्षण भएको जानाएको छ। शनिबार समाजको तर्फबाट समाजका उपाध्यक्ष राजन केसीद्वारा जारी विज्ञप्तिमा मष्ठ खसहरूको ऐतिहासिक मौलिक सनातन संस्कृतिक परम्परा भई धर्म नभएको उल्लेख छ। समाजले सनातनी खसहरुको गौरबशाली इतिहास अझैपनि पश्चिम नेपालमा जिबितै रहेको उल्लेख गरेको छ।

सामाजिक सञ्जालमा गरीएका अपब्याख्या जस्तो हिन्दुधर्म मानेको कारण खसहरुलाई आरक्षण र सूचीकरण खसान भएन भन्नू गलत रहेको समाजले जनाएको छ। खसहरुको अव:था अनुसार राज्यले गर्ने नितिगत निर्णय भएको उल्लेख गर्दै समाजले वर्तमान अवस्थामा आफूले मानिआएको धर्म, संस्कृति, बोलिचालिको भाषालगायत गणकले सोधेका प्रश्नहरुको सही सत्य विवरण उपलब्ध गराउन आग्रह गरेको छ।

समाजले सबै खसहरूले जातीको महलमा खस लेख्न, भाषाको सबालमा आफ्नो मातृभाषा खस भाषा लेख्न, बोलिचालिको भाषा नेपाली लेख्न, धर्मको महलमा वर्तमान मा आफूले मानिआएको सनातन हिन्दू धर्म लेख्न र वैदेशिक रोजगारीमा रहेका खसहरुको नाम रोजगारमा गएको देशलगायत सत्य विवरणहरु अनिवार्य लेख्न आग्रह गरेको छ।


## UAE मा रोजगार

कम्पनी: WALSHINN HOSPITALITY SERVICES EST.
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०७/२६ | चलानी नं.: ६०१६७३११ | LT. No.: 250152

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 20 | सम्बन्धित काममा दक्ष | 900 | २९,१०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waiter | 10 | 20 | | 1200 | ३८,८०८ | | | | | | | |
| 3. | Marketing Specialist | 0 | 5 | | 1500 | ४८,५१० | | | | | | | |
| 4. | Receptionist | 0 | 2 | | 1500 | ४८,५१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ५ र गते (21& 22 Nov. 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Wish HR Solution Pvt. Ltd.
Kalimati Dol, Sinamangal-9,Kathmandu, Tel: 4496093, 4497897
Email:- info@wishhrsolution.com, wishhr1425@gmail.com
Gov. Lic. No.: 1425/074/075

# इटहरीका मेयरको दुवै हातमा लड्डु !

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २७ कात्तिक



शुक्रबार बिहान इटहरीका मेयर द्वारिकलाल चौधरीको घरमा बसेर नेकपा समाजवादीका केन्द्रीय अध्यक्ष माधव नेपाल, प्रदेश एकका मुख्यमन्त्री राजेन्द्र कुमार राई लगायत एक दर्जन नेताहरूले भोज खाएको तस्बिरहरु सार्वजनिक भए ।

तस्बिरसँगै केहि समयपछि मेयर चौधरीसहित थुप्रै एमाले कार्यकर्ताहरू नेकपा एसमा प्रवेश गर्दै भन्ने समाचार बाहिरन थाले । जुन एकाएक भाइरल बने । समाचारकै कारण स्थानीय नगरवासीदेखि जिल्ला र प्रदेश हुँदै केन्द्र सम्म हलचल मच्चियो । कुनै समय एमालेका कट्टर मानिने मेयर चौधरी एकाएक माधव नेपालले नेतृत्व गरेको नेकपा एसमा समाहित हुने समाचारले सबै तीन छक्क परे । एमाले जिल्ला पार्टी कार्यालय सुनसरीमा हलचल नै मच्चियो ।

केही समयपछि मेयर चौधरीको सचिवालयबाट हल्ला निराधार र कपोकल्पित भन्ने पुष्टि भएपछि यो यतिमै सिमित बन्न पुग्यो । मेयर चौधरीले पनि आफु तत्काल एमाले नछाड्ने बताएपछि हल्ला निराधार भएको पुष्टि भयो । सुनसरीको बराहक्षेत्रस्थित चतराधाममा हुने महायज्ञको उद्घाटन गर्न जाने सिलसिलामा नेकपा एसका अध्यक्ष माधव नेपाल र प्रदेश एकका मुख्यमन्त्री राजेन्द्र राई लगायत अन्य नेताहरूलाई बिहानको अतिथि सत्कारसहित मेयर चौधरीले भोज खुवाएर बिदा गरेका थिए ।

कहाँबाट फैलिया हल्ला ?

शुक्रबार बिहान नेकपा एस इटहरीको फेसबुक पेजबाट मेयर चौधरीसहित एमालेबाट वडा नं ४ का वडाध्यक्ष चन्द्र प्रसाद भट्टराई लगायत दजनौं एमाले कार्यकर्ताहरू नेकपा एसमा प्रवेश गर्ने भनि पोष्ट भएको थियो । वडा नं ४ का अध्यक्ष भट्टराईले शुक्रबार नै खबर झुटो भएको भनि आपत्तिसहित खण्डन गरिसकेका छन् । पोष्ट के आधारमा र कसरी आयो भन्ने बारेमा कुनै रहस्य खुलाइएको छैन ।

मेयरको दुवै हातमा लड्डु

वर्षौंदेखि सकृय राजनीतिसँगै बेग्लै पहिचान बनाइसकेका इटहरीका मेयर द्वारिकलाल चौधरी नेकपा एमाले प्रदेश एक कमिटी सदस्य पनि हुन् । पछिल्लो केहि महिनायता पार्टी भित्रै अन्तर विरोध हुन थालेपछि उनी एक्लिँदै गएका छन् । कुनै समय जिल्लामा नेतृत्व समेत पाइसकेका नेता तथा मेयर चौधरी अब भने पार्टीभित्रै बिद्रोहमा उत्रिन थालेका छन् । उनको कुरा जिल्लादेखि प्रदेश कमिटी सम्ममा अमान्य हुन थालेपछि पार्टीभित्रै बिद्रोह गर्दै आएका छन् ।

केहि दिनअघि पनि मेयर चौधरीले नेकपा एसका केन्द्रीय नेताहरूसँग छलफल गरेको तस्बिर उनी आफैँले सार्वजनिक गरेका छन् । सुरूमा तस्बिर सार्वजनिक हुनु त्यसपछि केन्द्रीय अध्यक्षसहित नेताहरूको लावा लस्कर उनकै घरमा भेला भएर भोज खानुले मेयर चौधरी नेकपा एससँग नजिकिन थालेको पुष्टि गर्छ । तर मेयर चौधरी भने तत्काल एमाले नछाड्ने पक्षमा छन् । भोज खुवाइसकेपछि गरिएको प्रश्नमा उनले अतिथिहरूलाई सामान्य सत्कार गरेर बिदा मात्र गरेको हो । पार्टीगत केहि कुरा नभएको बताए । 'म हिजो पनि एमाले हुँ, आज पनि छु र सँधै एमाले नै रहनेछु' मेयर चौधरीले भने ।

यता नेकपा एमाले जिल्ला पार्टी कार्यालय सुनसरीले भने यो हर्कत सामान्य नरहेको बताउँदै आएको छ । 'यसको विषयमा पार्टीले छलफल गर्ला ? अहिले केहि भन्न सकिँदैन' जिल्लाका एक नेताले भने ।

यसैबीच इटहरीका मेयर द्वारिकलाल चौधरीले एक नम्बर प्रदेशका मुख्यमन्त्री राजेन्द्र कुमार राईलाई एक ध्यानाकर्षण पत्र बुझाएका छन् । प्रदेश सरकारको नीति तथा बजेटको वक्तव्यमा समेत परिसकेको तर कार्यान्वयनमा नआएको इटहरीको वृहत्तर बाहिरी चक्रपथ लगायतका योजना साथै इटहरीको विकास निर्माण र समस्याका बारेमा बुँदागत विषयहरू ध्यानाकर्षण गराउँदै मुख्यमन्त्री राइलाई पत्र बुझाएका थिए । मेयर चौधरीले मुख्यमन्त्री राईलाई ध्यानाकर्षण पत्र बुझाउँदा छेउमै बसेका नेकपा एसका केन्द्रीय अध्यक्ष माधव नेपाल भने हेरेको हेर्‍यै भएका थिए ।

# नेपाल र भारतका दर्जन स्रष्टा सम्मानित

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २७ कात्तिक



बाँके नेपालगन्जमा नेपाल र भारतका एक दर्जन स्रष्टाहरुलाई एक कार्यक्रमकाबीच सम्मान गरिएको छ । सर्वदा साहित्य संगम बाँकेको आयोजना, शिक्षाविद् तथा लेखक/साहित्यकार किरण आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव तथा वरिष्ठ कथाकार सनत कुमार रेग्मीले दीप प्रज्वलन गरी विधिवत् रुपमा कार्यक्रमको उद्घाटन गरेका थिए ।

सर्वदा साहित्य संगम बाँकेका अध्यक्ष खगेन्द्र गिरी कोपिला र सचिव श्रीधर भण्डारीद्वारा सञ्चालित विशिष्ट साहित्यकार डा.कृष्ण जङ्ग राणाको आत्मकथा 'जिन्दगी नै कहानी हो' को गृह विमोचन तथा स्रष्टा सम्मान कार्यक्रममा डा.कृष्ण जङ्ग राणाको आत्मकथा २२ औं कृतिको रुपमा 'जिन्दगी नै कहानी हो' प्रमुख अतिथि सनत कुमार रेग्मी, विशिष्ट अतिथि नरेन्द्र जंग पिटर, अवधी साँस्कृतिक विकास परिषद्का अध्यक्ष सच्चिदानन्द चौवे, बुद्धिजिवी तथा शिक्षाविद् जनार्दन आचार्य, वरिष्ठ उर्दू साहित्यकार तथा गुल्जारे अदबका अध्यक्ष हाजी अब्दुल लतीफ शौक, सभाध्यक्ष किरण आचार्य डा.कृष्ण जङ्ग राणाका परिवारजन्य मधु जङ्ग राणा लगायतले संयुक्त रुपमा पुस्तकको विमोचन गरेका थिए ।

कार्यक्रममा विभिन्न जिल्लाका नेपाली, देउडा, अवधी, थारु, हिन्दी, उर्दूभाषीका एक दर्जन स्रष्टाहरुलाई नेपाल र भारतबाट गरी १० जना स्रष्टाहरुलाई डा.कृष्ण जङ्ग राणा सम्मान र २ जना स्रष्टालाई सर्वदा साहित्य सङगम-२०७८ सम्मान गरिएको थियो जसमा भारतको उत्तर प्रदेश लखनऊका साहित्यकार नन्द किशोर वर्मा, राजेश कुमार सिंह र बहराईच जिल्ला नानपाराका निवासी तथा अन्जुमन शाहकरे उर्दू उत्तर प्रदेश का अध्यक्ष शारिक रब्बानी, नारी स्रष्टा लक्ष्मी बस्याल, सुमित्रा न्यौपाने, साहित्यकार, देउडा गायक/लेखक तथा अधिवक्ता भीम बहादुर शाही, अवधी साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष विष्णुलाल कुम्हार, युवा स्रष्टा पुष्कर रिजाल पुष्प, थारु भाषी सोम प्रसाद डेमनडौरा, उर्दू भाषी तथा गुल्जारे अदबका सचिव मोहम्मद मुस्तफा अहसन कुरैशी, दाङका भीम बहादुर थापा, पूर्णचन्द्र लम्साल (सिर्जन लम्साल) लगायतलाई ढाका टोपी लगाएर सम्मान- पत्र र नारी स्रष्टाहरुलाई सल ओढाएर सम्मान-पत्र प्रदान गरिएका थियो ।

सो कार्यक्रममा बालकृण रेग्मीले मन्त्रोचरण गरेका थिए । सच्चिदानन्द चौवेले सरस्वती बन्दना प्रस्तुत गरेका थिए भने विशिष्ट अतिथि नरेन्द्र जंग पिटरले शुभकामना, सर्वदा साहित्य सङगमकी उपाध्यक्ष खरेल, देवकी निरौला, नमिता बराल, कवि सोम नाथ लुइटेल, उर्दू सात्यिकार शारिक रब्बानी, भारतका कवि डा.राजेश कुमार सिंह, कवि नन्द किशोर वर्मा, बालिका चौधरीले थारु भाषाको गीत, जमील अहमद हाशमी उर्दू गजल, कल्पना पौडेल, भीम बहादुर शाही देउडा गीत, लक्ष्मण भुषाल, लगायतले आ-आफ्ना रचना वाचन प्रस्तुत गरेका थिए । पुष्कर रिजाल पुष्पले ९० वर्षीय विशिष्ट साहित्यकार डा.कृष्ण जंग राणाको आत्मकथा 'जिन्दगी नै कहानी हो' विमोचित कृतिको समिक्षा गरेका थिए । सो कार्यक्रममा भारतका कवि नन्द किशोर वर्माले सर्वदा सङगमका अध्यक्ष खगेन्द्र गिरि कोपिलालाई उपहार प्रदान गरेका थिए ।

कार्यक्रममा सर्वदा साहित्य संगम बाँकेका अध्यक्ष खगेन्द्र गिरी कोपिलाले सम्मानित व्यक्तित्वको बारेमा जानकारी गराएका थिए भने सचिव श्रीधर भण्डारीले सम्मान-पत्र पढेर सुनाएका थिए । नेपालगन्जको सिद्धार्थ कटेजमा सञ्चालित कार्यक्रममा हाम्रो पूर्णिमा साहित्य कोहलपुरका महानन्द ढकाल, गणेश जिसी, सैयद असफाक रसूल हाशमी, भगवान दास यादव, नीलम शर्मा (काजल), अल्पना वैश्य, जहिरुलहक जीनू, लगायतको उपस्थित रहेको थियो ।

# साँस्कृतिक नगरमा १ सय शैय्याको आधुनिक अस्पताल बन्दै

**प्रदिप ज्ञवाली/मध्यान्ह**
रुपन्देही, २७ कात्तिक



लुम्बिनी गार्डेन फाउण्डेशनले लुम्बिनी सांस्कृतिक नगरपालिकामा १ सय शैयाको आधुनिक अस्पताल निर्माण गरिदिने भएको छ । लुम्बिनी गार्डेन फाउण्डेशन र लुम्बिनी सांस्कृतिक नगरपालिकाबीच अस्पताल बनाउने सम्झौता भएको हो । लुम्बिनी तथा यस आसपासका महिलाहरुमा देखिएको स्त्री तथा प्रजनन् स्वास्थ्य सम्बन्धि समस्यालाई ध्यानमा राख्दै अन्य सुविधा सहित लुम्बिनीमा आधुनिक अस्पतालको तयारी थालिएको हो । लुम्बिनी सांस्कृतिक नगरपालिकामा १ सय शैयाको आधुनिक अस्पताल बनाउने प्रयास शुरु भएको छ ।

विशेषगरी लुम्बिनी तथा यस आसपासका महिलाहरुका देखिएको स्त्री तथा प्रजनन स्वास्थ्य सम्बन्धि समस्यालाई ध्यानमा राख्दै अन्य सुविधा सहित लुम्बिनीमा आधुनिक अस्पतालको तयारी थालिएको हो ।

लुम्बिनीमा आयोजित एक कार्यक्रममा लुम्बिनी गार्डेन फाउण्डेशनका महासचिव एकराज गिरीले यसको लागि नगरपालिकाले जग्गाको व्यवस्थापन गरिदिनु पर्ने शर्त अगाडी सारेका छन् । जग्गाको व्यवस्थापन प्रक्रिया पुऱ्याएर अस्पताल निर्माणको पूर्व तयारीहरु शुरु गर्नको लागी सम्झौता भएको हो । सम्झौतामा हस्ताक्षर गर्दै लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख मनमोहन चौधरीले एक महिना भित्र जग्गाको व्यस्थापन गर्ने प्रतिबद्धता जनाएका छन् । उनले लुम्बिनी साँस्कृतिक नगरपालिकाको वडा नम्बर १० मा जग्गाको व्यवस्था गरिएको बताएका छन् । जग्गालाई नगरपालिकाको स्वामित्वमा ल्याई अस्पताललाई हस्तान्तरण गर्ने प्रक्रियामा रहेको चौधरीले जानकारी दिएका छन् ।

सम्झौता कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सभामा अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले लुम्बिनी अहिले पनि धेरै कुरामा पछाडी रहेको बताउँदै फाउण्डेशनको सहयोगमा यस क्षेत्रमा अस्पताल निर्माण सुखद शुरुवात रहेको बताएका थिए । यसअघि लुम्बिनी सांस्कृतिक नगरपालिका लगायत अन्य नगरपालिका र फाउण्डेशनबीचको सहकार्यमा हुने कामहरुको बारे केही दुविधा रहे पनि यसले त्यस्ता दुविधाहरु चिरेको बताएका थिए ।

यसैबीच लुम्बिनी गार्डेन फाउण्डेशन र नवलपरासीको सुनवल नगरपालिका र सुस्ता गाउँपालिका विभिन्न बिषयमा सहयोग गर्ने गरी सम्झौता भएको छ । वातावरण, सरसफाई, सँस्कृति, कृषि लगायतका क्षेत्रहरुमा सहकार्य हुने गरि सम्झौता भएको हो ।

सम्झौतामा सुस्ता गाउँपालिकाका अध्यक्ष राम प्रसाद पाण्डे र सुनवल नगरपालिकाका प्रमुख भिम बहादुर थापा क्षेत्री तथा लुम्बिनी गार्डेन फाउण्डेशनका अध्यक्ष जोस म्यानुअल भिलानोभालेले हस्ताक्षर गरेका थिए । यस्तै कार्यक्रममा लुम्बिनी स्मारिका समेत विमोचन गरिएको थियो । कार्यक्रमकै अवसर पारेर फाउण्डेशनले आफ्ना ७१ जना आजिवन सदस्यहरुलाई सदस्यता समेत वितरण गरेको थियो ।

# चिरायु अस्पतालमा विशेष हेल्थ प्याकेज

**दिवश ढकाल/मध्यान्ह**
काठमाडौं, २७ कात्तिक




वर्ल्ड डाइबिटिज डे (विश्व मधुमेह दिवस) को अवसरमा चिरायु नेशनल अस्पतालले विशेष हेल्थ प्याकेजको घोषणा गरेको छ । विश्वव्यापी रुपमा बढ्दो मधुमेहको समस्या न्यूनिकरणका लागि आफ्नो तर्फबाट पनि योगदान गर्न सकियोस् र मधुमेहका सम्भावित बिरामीहरुलाई स्वास्थ्य जाँचका लागि प्रोत्साहित गर्न सकियोस् भन्ने उद्देश्यले चिरायुले विशेष प्याकेज घोषणा गरेको हो ।

मधुमेह जाँचको विशेष प्याकेज विश्व मधुमेह दिवसको दिन सहुलियत दरमा खरिद गर्न सकिने अस्पतालले जनाएको छ । उक्त सहुलियत हेल्थ प्याकेजलाई एक सातासम्म निरन्तरता दिइने बताइएको छ । विश्व मधुमेह दिवस नोभेम्बर १४ को दिन पर्छ । यस साताको आगामी १४ नोभेम्बर देखि २१ नोभेम्बर सम्म मधुमेह प्याकेज लिन चाहानेले मात्र ५ हजार ९ सय ९९ रुपैयाँ तिरेर सेवा लिना सकिने अस्पतालले बताएको छ ।

साथै यो सातामा एक र प्याकेजको पैसा तिरेमा १ महिनासम्म सोही दरमा प्याकेज गराउन पाइने अस्पतालले जानकारी दिएको छ ।

यो शुल्कमा रेन्डम ब्लड सुगर, एचबीए वानसी, एसजीओटी, एसएसजीपीटी, जी जीटी, यूरिया, क्रेटिनाइन, लिपिड प्रोफाइल, यूरिक एसीड, सीआरपी, इएसआर, र सीबीसी जस्ता परीक्षणहरु हुनेछन् । सामान्य अवस्थामा यी सबै परीक्षण गर्दा १० हजार हाराहारी तिर्नुपर्ने हुन्छ ।

मधुमेह दिवसको दिन १० हजार हाराहारी पर्ने परीक्षणलाई मात्र ५ हजार ९ सय ९९ मा सीमित गरी प्याकेज तयार गरिएको हो । चिरायुले विश्व मधुमेह दिवसको दिन मधुमेह रोग विशेषज्ञ डा.अजय प्रधानको निःशुल्क कन्सलट्यान्ट सेवा समेत सञ्चालन गर्नेछ । कुनै पनि व्यक्तिको रिपोर्ट असामान्य आएको खण्डमा मात्र डा. प्रधानको कन्सलट्यान्ट सेवा निःशुल्क हुने शर्त राखिएको अस्पतालका सूचना अधिकारी किरण फुयाँलले जानकारी दिएका छन् ।

# प्रसूती सेवाको दोहोरो शुल्क असुल्दै नवजीवन अस्पताल !

**हिमेश वि.क**
धनगढी,२७ कात्तिक




श्रीमतीलाई सुत्केरी बेथा लागेपछि मुकुन्द शाही धनगढीको नवजीवन अस्पतालमा पुगे । बुधबार शल्यक्रियामार्फत प्रसूती सेवा प्रदान गरिएकोमा शाहीको २२ हजार खर्च भयो । क्याबिन खर्च स्वभाविक भए पनि नेपाल सरकारको आमा सुरक्षा कार्यक्रम लागू भएको अस्पतालले शल्यक्रिया र उपचारको पनि शुल्क लिएको शाहीको गुनासो छ ।

उनले भने, 'पहिले अप्रेशन गरेको पनि निशुल्क थियो । तर अहिले भएन क्याबिनको सुविधा लिए सेवा नपाउने भन्नुभयो । २२ हजार अप्रेशनको तिरेको छु ।

चार हजार प्रत्येक दिनको क्याबिनको तिर्नुपर्ने छ ।' धनगढीको नवजीवन अस्पतालले प्रसूती सेवामा दोहोरो रकम असुल गरेको आरोप लागेको हो । नेपाल सरकारको आमा सुरक्षा कार्यक्रम लागू भएको उक्त अस्पतालले प्रसूती सेवा लिएका महिलाबाट पनि रकम असुल गर्दै आएको हो । अस्पतालले प्रसूती महिलाहरुबाट शल्यक्रिया तथा वार्डको शुल्क लिँदै आएको पाइएको छ ।

आमा सुरक्षा कार्यक्रम लागु भएका २५ शैय्याभन्दा कमका अस्पतालले सामान्य प्रसूतीको एक हजार पाउँदै आएका छन् । २५ शैय्या माथिका अस्पतालले एक हजार पाँच सय रुपैयाँ सरकारबाट पाउँदै आएका छन् । जटिल प्रसूतीको तीन हजार तथा शल्यक्रियाको सात हजार रकम नेपाल सरकारले आमा सुरक्षा कार्यक्रमबाट दिँदै आएको स्वास्थ्य कार्यलय कैलालीका निमित्त प्रमुख लालबहादुर धामीले बताएका छन् ।

उनले भने, 'आमा सुरक्षा कार्यक्रम लागू भएका सरकारी वा निजी कुनै पनि अस्पतालहरुले रकम लिन पाउँदैनन्, उहाँहरुलाई सरकारले रकम दिन्छ ।'

आमा सुरक्षा कार्यक्रम लागू भएको धनगढीको नवजीवन अस्पतालले भने प्रसूती सेवा प्रदान गर्दा रकम असुल गर्दै आएको पाइएको हो । तर अस्पतालका निर्देशक डाक्टर निरज अर्यालले तिहार बिदा भएकाले बढी रकम लागेको प्रतिकृया दिएका छन् । उनले भने, 'हाम्रो डाक्टर बिदामा छन् । डाक्टर बिदामा भएको समयमा बढी रकम लाग्छ । बिरामी अनुसार उहाँहरुलाई हामीले रकम दिनुपर्ने हुन्छ ।'

आमा सुरक्षा कार्यक्रममार्फत यातायात खर्चको समेत सुविधा रहेको छ । हिमाली क्षेत्रका प्रसूती महिलाले तीन हजार यातायात खर्च पाउँदै आएका छन् । पहाडी क्षेत्रका दुई र तराई क्षेत्रका प्रसूती महिलाले एक हजार यातायात खर्च पाउँछन् । उनीहरुले नियमित गर्भ परीक्षण गराउनुपर्ने हुन्छ ।

# जनप्रतिनिधिले लगाएको आरोप झुटो : डिएसपी खनाल

**सागर थापा/मध्यान्ह**
बााके, २७ कात्तिक



इलाका प्रहरी कार्यालय कोहलपुरका प्रहरी प्रमुख डिएसपी रबिन्द्र खनालविरुद्ध जनप्रतिनिधिले केहिदिन अगाडि आक्रोश पोख्दै बेथितीलाई पश्रय दिएको र जनप्रतिनिधिलाई दुर्व्यवहार गरेको भन्दै उत्तरीएका जनप्रतिनिधिले सरुवाकोसमेत माग गरेका थिए ।

कोहलपुरका प्रहरी प्रमुख डिएसपी खनालले आफूमाथि राप्ती सोनारी गाउँपालिकाकी उपाध्यक्ष धन कुमारी खत्रीले लगाएको आरोप सबै जुठो रहेको र आफू दोषी नरहेको बताएका छन् ।

दुर्घटना भएको ठाँउमा धेरै जनाले भिडियो फोटो पनि खिचेको र पत्रकारहरु समेत उपस्थिति रहेको डिएसपी खनालले बताएका छन् । गाउँपालिकाकी उपाध्यक्ष धनी कुमारी खत्रीलाई थुन्ने धम्की दिदै उनीमाथी दुर्व्यवहार गरेको भन्ने आफूमाथी आरोप लागेको कुरा पनि झुठो रहेको खनालले दावी गरेका छन् ।

दुर्घटनाका पीडितहरुलाई राज्यको नियम अनुसार अगाडि बढ्न आफूहरु तयार रहेको र धनी कुमारी खत्रीले राज्यको कानुन बिपरित माग पूरा गर्नुपर्ने बताउँदै पीडितहरुलाई आन्दोलन गर्न उकासेको भन्ने कुरा कोहलपुर प्रहरीले बताउँदै आएको छ ।

'प्रहरीहरुबाट जनप्रतिनिधि उपाध्यक्ष खत्रीप्रति कुनै पनि दुर्व्यवहार नभएको यदि भएको भए कुनै न कुनै मिडियामा भिडीयो सार्वजनिक गर्नुपर्ने हो ।' डिएसपी खनालले भने ।

दसैँको समयमा बाँके शमशेरगञ्जको परुवा खोलामा बसको ठक्करबाट एक जना महिलाको मृत्यु भएको थियो भने अर्को एक जना घाइते भएकी थिइन् । सो घटनाको विषयमा बुझ्न जाँदा डिएसपी खनालले आफूमाथी दुर्व्यवहार गरेका आरोप खत्रीले लगाएकी थिइन् ।

## सम्पादकीय

# मुर्छित लोकतन्त्र

प्रमुख राजनीतिक दलहरू आन्तरिक निर्वाचनको प्रक्रियामा छन् । प्रमुख विपक्षी दल नेकपा एमालेले शनिबार देशभर प्रतिनिधि चयन गरेको छ । मंसिरमा हुने १०औं महाधिवेशनका लागि १९९९ जना महाधिवेशन प्रतिनिधि चयन गर्ने एमालेले मापदण्ड बनाएको छ । त्यसैअनुसार प्रतिनिधि चयन भएका छन् । एमाले नेताहरूका अनुसार, केही ठाउँ बाहेक सर्वसहमत नेतृत्व चयन भएका छन् । प्रतिनिधिसभा निर्वाचन क्षेत्र, प्रदेश, जनसंगठन, विभाग, केन्द्रीय कार्यालय, प्रवास लगायतबाट प्रतिनिधि चयन भएका छन् । यसपटक एमालेको प्रतिनिधि चयनलाई उति धेरै महत्व दिइएन । गएको २ भदौमा मात्रै पार्टी विभाजन भएकाले एउटै समूहका मात्रै प्रतिनिधि आएकाले चासोको विषय बन्न सकेन । अध्यक्ष केपी शर्मा ओली फेरि दोहोरिने लगभग निश्चित भएकाले पनि महाधिवेशन प्रतिनिधि चयनलाई चासोका साथ नहेरिएको हो ।

एमालेमा मात्रै नभएर अरू दलका प्रमुखहरूले पनि फेरि दोहोरिने प्रयत्न गरिहेका छन् । नेतृत्वमा फेरि दोहोरिने चाहनाकै कारण सत्तारूढ दल नेपाली काँग्रेसको महाधिवेशन निर्धारित समयमा हुन सकेन । शनिबार बल्ल बाँकी रहेका १३ जिल्लामा वडा अधिवेशन प्रक्रिया अगाडि बढेको छ । क्रियाशील सदस्यता विवादका कारण यी जिल्लाहरूमा अधिवेशन रोकिएको थियो । सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले फेरि दोहोरिने इच्छा गरेका छन् । तर नेतृत्वमा जान चाहने नेताहरूसँग सहमति जुट्न नसक्दा लामो समय काँग्रेस क्रियाशील सदस्यता विवादमा रूमलियो । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीका प्रमुखहरू पनि सहज पद हस्तान्तरणको पक्षमा देखिदैनन् ।

दलहरूमा मात्रै नभएर मुलुकका अन्य क्षेत्र पनि त्रुटि रहित सञ्चालन हुन सकिरहेको छैन । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग्दै ७ कात्तिक देखि सर्वोच्च अदालतको न्यायिक सम्पादन कार्य अवरूद्ध छ । सर्वोच्च परिसरमै मुठभेड हुने अवस्था बनेको छ । प्रधानन्यायाधीश जबराले कार्यकारी निकायसँग भागबण्डाको सौदाबाजी गरेको आरोपमा सर्वोच्चका न्यायाधीशहरूले इजलास बहिष्कार गर्दै आएका छन् । व्यवस्थापिका संसद्ले पनि प्रभावकारी काम गर्न सकिरहेको छैन । विपक्षी एमालेको अवरोधकै बीच बजेट अधिवेशन अन्त्य भएको छ । विधेयक अधिवेशन पनि प्रभावकारी रूपमा सञ्चालन हुने छाँट देखिदैन । किनकि संसद् अवरोध गर्ने एमालेको अडान कायमै छ । जबकी लोकतन्त्र र लोकतान्त्रिक अभ्यास संविधानको मूल मर्म हो ।

# बाटो बिराउँदै गठबन्धन सरकार

दैनिक उपभोग्य वस्तुदेखि पेट्रोल डिजेल ग्यासलगायतका वस्तुहरुमा चरम रुपमा मूल्यवृद्धि भएको छ । गठबन्धन दलका नेताको प्राथमिकतामा आम नागरिकका समस्या सल्टाउने विषय परेका छैनन् ।



● गोविन्द विक

नेकपा एमालेभित्रको आन्तरिक कलहका कारण सत्ताको बाग्डोर समहाल्न पुगेका गठबन्धन दलहरुप्रति जनतामा बढ्दै गएको असन्तुष्टीलाई बल पुग्ने काममा केन्द्रीत हुँदैछन् । गठबन्धन सरकारको कामलाई हेर्ने हो भने पनि अघिल्लै सरकारको बाटोमा लागेको देखिन्छ । दलहरुमा अरुले गरेको राम्रो काम पनि आफूलाई नराम्रो लाग्ने र आफूले गरेको नराम्रो काम चाँही आफूलाई राम्रो लाग्ने प्रवृत्ति राजनीतिमा हावी हुँदै गएपछि जनताका समस्या कहिलै पनि प्राथमिकतामा पर्ने गरेका छैनन् । जनताले गठबन्धन दलहरुमा गरेका आशा र अपेक्षाहरु निराशामा परिणत हुँदै गएका छन् ।

गठबन्धनभित्रका दलहरु सबै आ-आफ्नै दुनो सोझ्याउन व्यस्त देखिएपछि जनताले अहिले चरम समस्याहरु भोग्न बाध्य भएका छन् । दैनिक उपभोग्य वस्तुदेखि पेट्रोल डिजेल ग्यासलगायतका वस्तुहरुमा चरम रुपमा मूल्यवृद्धि भएको छ । गठबन्धन दलका नेताको प्राथमिकतामा आम नागरिकका समस्या सल्टाउने विषय प्राथमिकतामै पर्दैनन् । ठेकेदारले कयौ सडकहरु अलपत्र अवस्थामा छाड्दा सडक दुर्घटना दैनिकजसो भएका छन् । यसमा गठबन्धन सरकार बेखबर जत्तिकै बनिरहेको छ । सडक निर्माण्को जिम्मा लिएर लामो समयसम्म सम्पर्कविहीन हुने ठेकेदारलाई कानुनको कठाघरामा उभ्यान सरकारलाई चासो छैन । जनतासँग प्रत्यक्ष सरोकार राख्ने कामहरु सरकारको प्राथमिकतामा पर्न नसक्नु जनताका लागि विडम्बना नै हो । गठबन्धनभित्रका दलहरु नेपाली कांग्रेसलाई आफ्नै महाधिवेसनको चटारो छ । एकीकृत समाजवादीलाई एमालेका अध्यक्ष ओलीको खोइरो उतार्दै ठिक छ भने माओवादीका अध्यक्ष्पुष्पकमल दाहाललाई जनस्तरमा गिर्दै गएको शाख फर्काउने दाउ हेर्दैमा फुर्सद छैन । जसपाकता हरायो पत्तो छैन । गठबन्धन सरकारको काम कही नभएको जात्रा हाँडीगाउँमा भने उखान झैं बन्दैछ । संविधानमा व्यवस्था नभएको उच्चस्तरीय राजनीतिक संयन्त्र सरकार सञ्चालनका लागि बनाउन दलहरु व्यस्त छन् । जनता महंगीको चपेटामा पिल्सीराखेका छन् । भरखरै आएको बेमौसमी बाढी पहिरोले विचल्लीमा परेका जनताहरुको भोक गठबन्धनले देखेको छैन । कयौं हेक्टर जमिनमा लाएको अन्नबाली नष्ट भए । सरकारले राहत उपलब्ध गराउने आसमा जनता छटपटाएका छन् ।

पूर्व स्वीकृत मितिः २०७८/०७/२६ चलानी नं.: ६०१६७३५८ LT. No.:250339

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 16 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ASEEL MUHAMMED SAAD AL-QUWAIZ RESTAURANT FOR SERVING MEALS शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०७/२६ चलानी नं.: ६०१६७३५६ LT. No.: 250337

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ६९,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Worker | 1 | 0 | | 1000 | ३१,६८० | | | | | | | |
| 3. | Restaurant Worker | 3 | 0 | | 1000 | ३१,६८० | | | | | | | |

३. कम्पनी : ALCOFFE JUICER COMPANY TO PROVIDE BEVERAGES WITH LIMITED LIABILITY शहर : AL KHARJA

पूर्व स्वीकृत मितिः २०७८/०७/२६ चलानी नं.: ६०१६७३५७ LT. No.: 250338

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर ५ गते (21 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210
Gov. Lic. No. 709/064/065

# बक्स अफिस समाचार

# ‘क्रियटिभ काम महिलाले गर्न सक्दैन भन्ने भ्रम छ’



नृत्य निर्देशनको क्षेत्रमा थोरै महिला निर्देशक छन् जसमा कोरियोग्राफर, नृत्यांगना सुनिता बस्नेत पनि एक हुन् । पछिल्लो समय उत्कृष्ट शब्द, संगीतकोमात्र भिडियो निर्माण, निर्देशन गर्दै आइरहेकी सुनिता बस्नेतले निर्देशन गरेको पछिल्लो म्युजिक भिडियो अहिले सर्वत्र रुचाइएको छ । गएको दशैंको अवसरमा सार्वजनिक ‘हमेशा यो शहरको डेरामा’ बोलको अति नै मर्मश्पर्शी भिडियोले दर्शकको मन जित्दै सफलता चुमिरहेको छ । विगत ढेड दशक बढी देखि नृत्य निर्देशनलाई निरन्तरता दिँदै आइरहेकी सुनिताको कोरियोग्राफी रहेको चलचित्र ‘तिम्रो हुने कहिले’ प्रदर्शनको संघारमा छ । नृत्यांगना सुनिता बस्नेतले देशमामात्र नभएर विदेशमा समेत थुप्रै साँस्कृतिक कार्यक्रममा सहभागिता जनाइसकेकी छन् । विशेष: त साल्सा र मोडन डान्सको प्रशिक्षण दिँदै आइरहेकी सुनिता पछिल्लो समय नृत्य प्रशिक्षकसँगै म्युजिक भिडियो निर्देशनमा पनि त्यतिकै सक्रिय रहेकी सुनिता बस्नेतले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको संक्षिप्त कुराकानी:

■ **सुनिता वस्नेत**, नृत्यांगना

**यतिबेला दिनचर्या कसरी बित्दैछ ?**

यही मंसीर ३ गतेबाट मेरो कोरियोग्राफी रहेको चलचित्र ‘ तिम्रो हुने कहिले’ देशभर प्रदर्शनमा आउँदैछ त्यसैको प्रमोशनमा खटिरहेको छु। तिहार अगाडि केही भिडियो निर्देशनमा ब्यस्त रहें ।

**कत्तिको आशावादी हुनुहुन्छ ?**

लामो समयको बन्दाबन्दीका कारण नेपाली सिनेमाका दर्शकहरु हल पुग्न आतुर हुनुहुन्छ भन्ने विश्वास लिएको छु । किनकि दशैंबाट नै हो फ्रेश सिनेमा हलमा प्रदर्शन हुन थालेको ।

**दशैंको अवसर पारेर भिडियो सार्वजनिक गर्नुभएको थियो कस्तो प्रतिक्रिया पाइरहनु भएको छ ?**

युवा साहित्यकार भिष्मराज फुलाराको शब्द, बाबुल गीरीको स्वर संगीत रहेको ‘हमेशा यो शहरको डेरामा’ बोलको अति नै मर्मश्पर्शी गीतको भिडियोमा कोरियोग्राफी गर्ने अवसर मिल्यो । प्राविधिक र कलाकारहरुले पनि सकेको मिहेनतको प्रतिफल स्वरुप भिडियो पनि राम्रो बन्न पुग्यो र दर्शकहरुबाट अहिलेसम्म राम्रै प्रतिक्रिया पाइरहेको छु ।



**नृत्यको क्षेत्रमा कसरी लाग्नु भयो ?**

स्कुले जीवनदेखि नै नृत्यमा रुची थियो । त्यस समयमा हुने विभिन्न सांस्कृतिक कार्यक्रमहरुमा भाग लिन छुटाउँदिन थिएँ। विस्तारै यो क्षेत्रमा रमाइलो लाग्न थाल्यो र अहिले यसैमा सक्रिय छु ।

**कति समय भयो यो क्षेत्रमा लाग्नुभएको ?**

डेढ दशक बढी समय बित्यो होला नृत्य क्षेत्रमा संलग्न भएको । आगामी दिनहरु पनि यसै क्षेत्रमा बित्ने छ ।

**यो क्षेत्रमा लागेर कुनै पछुतो त छैन ?**

आफुले इच्छाएको विधामा काम गर्न पाइरहेकी छु, किन पछुतो मान्नु, खुशी छु म त। सुन्ने गीतको भन्दा पनि हेर्ने गीतको प्रचलन बढेको हुँदा नृत्यको महत्व बढेकाले अहिले सांगीतिक क्षेत्रमा नृत्यको ठुलो भूमिका हुने भएकोले कामको कहिलै खाँचो हुँदैन । त्यसैले अति नै सन्तुष्ट छु ।

**यहाँसम्म आइपुग्न विगतको संघर्षलाई कसरी सम्झनु हुन्छ ?**

सुरुवाती समयमा संघर्ष नै गर्नु पर्‍यो । संघर्षको फल मिठो हुन्छ भन्ने अनुभूति अहिले भैरहेको छ । भिडियोहरु कम बन्थ्ये, स्टेज कार्यक्रमको भर हो । विदेशको सांस्कृतिक कार्यक्रमहरुले पनि हामी कलाकारहरुलाई ठुलो सहयोग पुग्ने गरेको थियो । यो बीचमा कोरोना कहरका कारणले गर्दा कुनै कार्यक्रम हुन सकिरहेको थिएन, जसले हामी मारमा थियौं । बिस्तारै वातावरण सहज हुने क्रममा छ, आशा गरौं आगामी दिनहरु अनुकूल बन्ने छ । जहाँसम्म मेरो व्यक्तिगत कुरा छ म मध्यम वर्गीय परिवारमा हुर्केकी हुँ। जसो तसो गरेर यहाँसम्म आइपुगेकी छु ।

**आफैं नाच्नु र अरूलाई नचाउनुमा के भिन्नता पाउनु हुन्छ ?**

कुनै पनि काम सजिलो हुँदैन । अरुले गर्दा त्यही काम सजिलो जस्तो लाग्छ, स्वयं आफुले गर्नु पर्दा गरो हुन्छ । अरुलाई नचाउन सारै गाह्रो। मलाई त आफै नाँच्न सजिलो लाग्छ ।

**तपाईं त सक्रिय महिला निर्देशकमा पर्नु हुन्छ होइन ?**

महिलालाई शुरुमा पत्याउँदैनन्। आफ्नो काम गर्ने तौरतरिका र खुबी देखाउँदै उहाँहरुको मन जित्दै अघि बढ्ने हो, कसले के भन्छ भन्ने कुराको वास्ता नगरी आफ्नो कर्ममा लाग्नु पर्छ। कर्ममा विश्वास गर्ने मानिस असफल हुँदैनन् । निर्देशन भनेको क्रियटिभ काम हो । त्यसैले महिलाले गर्न सक्दैन कि भन्ने भ्रम अरुमा हुन सक्छ । निर्देशनको क्षेत्रमा एकाधमात्र महिला निर्देशक हुनुहुन्छ प्राय: सबै जना नै सक्रिय छौं ।

**कमाईको हिसाबले अहिलेको अवस्था कस्तो छ ?**

म्युजिक भिडियो निर्माणमा तिब्रता आएसँगै कमाईको हिसाबले पनि अहिले यो क्षेत्र राम्रै छ।

**डेढ दशक बढी समयदेखि यो क्षेत्रमा हुनुहुन्छ आफुलाई कहाँ पाउनु हुन्छ ?**

आफैंले म यहाँ छु भन्ने कुरा भएन, कुशल कामले स्थान बनाउँदै अघि बढ्ने हो । म आफुलाई एक परिश्रम गर्ने व्यक्ति ठान्छु । कुनै पनि काम गर्दा फलको आशा गरेको हुँदिन । काम गरेपछि फल अवश्य मिल्छ भन्ने कुरामा विश्वास गर्ने भएकाले दर्शक, शुभचिन्तकहरुले नै मेरो स्थान तय गर्नुहुने छ ।


## Gurans Rural Municipality

### Office of the Rural Municipal Executive

**Ranimatta, Dailekh**

**Karnali Province**

### Invitation for Electronic Bids

**Date of 1st publication: 2078/07/28 B.S**

1. The Gurans Rural Municipality invites electronic Bids from Nepalese eligible registered bidders/contractors for the Procurement of following projects.
2. The Estimated amount (**Excluding VAT and Contingencies**) for the works is mentioned below in the table.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gurans Rural Municipality, Ranimatta-Dailekh, Mobile No. 9858020144 and may visit RMP website www.guransmun.gov.np. Or www.bolpatra.gov.np/egp
4. A complete set of Bidding documents should be purchased by downloading for e-submission from PPMO's website www.bolpatra.gov.np/egp . Bidders Submit their bid electronically, should deposite the payment of a non- refundable fee of bidding document in the Projects' Office's Aantarik Rajashwa account as specified below and scanned copy(pdf format) of the Bank Deposite voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to the deposite the cost of bidding document in Bank.
   **Name of the Bank**: Prabhu Bank, Gurans Branch, Dailekh
   **Name of Office/Account:** Gurans Rural Municipality, Dailekh
   **Aantarik Rajashwa Account No.:** 1550109299100081
   **Gurans Ga.pa Dharauti A/C No.1550109299100071**
   Bid-Security amounting to a minimum of specified as below in the table, which shall be valid for 30 days beyond the validity period of the bid in deposited of Prabhu Bank Dailekh Branch, Dailekh or Bid bond in the form of bank guarantee issued by the bank recognized by GON as a "A" class commercial bank.
5. Pre- bid meeting shall be held at Gurans Rural Municipality, Ranimatta, Dailekh which was mentioned below in the table.
6. If the last date of purchasing and/ submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Other rules should be as per public procurement act, 2063 and public procurement regulations, 2064 *Note: (As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required*).

**Detail of Projects**

| S.N | Bid No | Name of Project | Estimated Amount Excluding VAT(NRS) | Form Fee(NRS) | Bid Security Amount (NRS) | Bid must be Valid for period after Bid-Opening | Last Date & Time For Submission | Bid Document opening Date | Bid Document Location |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SQ/02/ SP/2078/079 | Procurement of Sanitary Pad | 1761809.00 | 1000 | 45000 | 45 days | 2078/08/13 12:00pm | 2078/08/13 2:00pm | Gurans Rural Municipality, Ranimatta Dailekh |
| 2 | GRM/01/ PP/2078/79 | Procurement of HDPE Pipe | 2551400.00 | 3000 | 70000 | 90 days | 2078/08/28 12:00pm | 2078/08/28 2:00pm | Gurans Rural Municipality, Ranimatta Dailekh |

**Chief Administrative Officer**

# महिला भलिबल टिमको प्रशिक्षण आजदेखि

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ कात्तिक

एभीसी सेन्ट्रल जोन भलिबल च्याम्पियनसिपका लागि नेपाली राष्ट्रिय महिला भलिबल टिमले आइतबारदेखि प्रशिक्षण शुरु गर्ने भएको छ । नेपाली महिला टिम पहिलो संस्करणको च्याम्पियन पनि हो ।

डिसेम्बरमा ंगलादेशमा आयोजना हुने सेन्ट्रल जोनका लागि नेपाली महिला टिमले आइतबारदेखि बन्द प्रशिक्षण शुरु गर्ने निर्णय बिहीवार बसेको नेपाल भलिबल संघको बैठकले गरेको थियो । नेपाली महिला टिमले यसअघि नै एसियन च्याम्पियनसिपका लागि तयारी थालेको थियो ।

तर कोरोना महामारीका कारण प्रतियोगिता नभएपछि नेपाली महिला टिमको बन्द प्रशिक्षण पनि स्थगित भएको थियो । अहिले सेन्ट्रल जोन भलिबल च्याम्पियनसिपका महिला र पुरुष दुवै प्रतियोगिता बंगलादेशमा हुने भएपछि भलिबल संघले प्रशिक्षण शुरु गर्ने निर्णय गरेको हो । एसियन च्याम्पियनसिपका लागि यसअघि छनोट भएका १७ र विभागीय क्लब नेपाल पुलिसका कामना विष्ट, पुनम चन्द र शान्तिकला तामाङलाई पनि समावेश गरेर २० जना खेलाडीलाई समावेश गरेर बन्द प्रशिक्षण शुरु गर्न लागिएको भलिबल संघले जनाएको छ । विष्ट, चन्द र तामाङ यसअघि बन्द प्रशिक्षणको सूचीमा रहे पनि नेपाल प्रहरीको विभागीय तालिमका कारण सहभागी भएका थिएनन् । महिला टिमको प्रशिक्षकमा जगदिश भट्ट र भरत यादव नै रहनेछन् । टिम व्यवस्थापकमा ज्योति केसी रहने छिन् । पुरुष टिमको पनि प्रशिक्षण चाँडै शुरु गर्ने तयारीमा भलिबल संघ रहेको छ । भलिबल संघले पहिलो चरणको प्रशिक्षणका लागि खेलाडीहरुलाई बोलाउने तयारी गरेको र पुरुष टोलीलाई डच प्रशिक्षक हान अविङले प्रशिक्षण गराउने छन् । उनले यसअघि पनि नेपाली टिमको प्रशिक्षक भएर काम गरिसकेका छन् । अविङ एफआईभीवीको सहयोगमा नेपाली टिम सम्हाल्नका लागि आउन लागका हुन् । उनी सेन्ट्रल जोनसम्म मात्रै प्रशिक्षकको रुपमा रहने छन् ।



**प्रशिक्षणमा सहभागी हुने २० महिला खेलाडी :**

प्रतिभा माली, सरस्वती चौधरी, शान्ति थारु, निरुता ठगुन्ना, उषा भण्डारी, रेश्मा भण्डारी, सफिया पुन, मनिषा चौधरी, कविता भट्ट, उषा विष्ट, सुनिता खड्का, सलिना श्रेष्ठ, सरस्वती जैसी, अरुणा शाही, जानकी भण्डारी, कृपा अधिकारी, लक्ष्मी चन्द, कामना विष्ट, पुनम चन्द र शान्तिकला तामाङ ।

# नेपाली क्रिकेट टिमको बरियता सुधार



**काठमाडौं/मस–** नेपाली पुरुष क्रिकेट टिमको टी २० वरियतामा सुधार आएको छ ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आईसीसीले सार्वजनिक गरेको नयाँ वरियतामा नेपालले एक स्थान सुधार गर्दै १२ औं स्थानमा उक्लिएको हो । नेपालले टेस्ट नेशन्स आयरल्याण्ड र टी २० विश्वकपमा उत्कृष्ट प्रदर्शन गरेका स्कटल्याण्ड र नामिबियालाई पछि पारेको छ । नेपालको १९ खेलमा ३ हजार ५ सय ५६ अंक र १ सय ८७ रेटिङ अंक छ । नेपाल भन्दा अघि जिम्बावे ११ औं र वेस्टइन्डिज १० औं स्थानमा छन् । ायरल्यान्ड १३ औं, स्कटल्यान्ड १४ औं, युएई १५ औं र नामिबिया १६ औं स्थानमा छन् । ओमान १७ औं, नेदरल्यान्ड्स १८ औं, पपुवा न्युगिनी १९ औं र सिंगापुर २० औं स्थानमा छन् । इंग्ल्यान्ड शीर्ष, भारत दोस्रो र पाकिस्तान तेस्रो स्थानमा छन् । न्युजिल्यान्ड चौथो, दक्षिण अफ्रिका पाँचौं, अष्ट्रेलिया छैटौं, अफगानिस्तान सातौं, बंगलादेश आठौं र श्रीलंका नवौं स्थानमा छन् । नेपाल एकदिवसीय वरियतामा भने १६ औं स्थानमा छ । एक दिवसीय वरीयता बलिङमा सन्दीप लामिछाने ७९ औं स्थानमा छन् । टी २० वरीयतामा कुशल भुर्तेल ५७ औं स्थानमा छन् । टि २० वरीयतामा बलिङ तर्फ सन्दीप ८८ औं स्थानमा छन् । नेपालले पछिल्लो पटक टी २० अन्तर्राष्ट्रिय खेल वैशाखमा खेलेको थियो ।

# विद्यालय स्तरीय पौडी प्रतियोगिता शुरु

**चितवनं, मस–** चितवको भरतपुरमा राष्ट्रव्यापी विद्यालय स्तरीय प्रथम एलटिके पौडी प्रतियोगिता शनिबारदेखि शुरु भएको । पहिलो दिन ११ विधामा स्पर्धा हुँदा ९ देखि १० वर्ष उमेर समूहको २५ मिटर ब्रेस्ट स्ट्रोक पुरुषतर्फ स्पिड डेल एकेडेमी नेपालगञ्जका विशेष सिंहले स्वर्ण पदक जितेका छन् । उनले २३ दशमलव २० सेकेन्डमा दुरी पुरा गरेका थिए । यसैगरी चितवनका शुभान्स राज केसीले रजत पदक जित्दा ३६ दशमलव ८५ सेकेन्डमा दुरी पुरा गरे । नेपालगञ्जकै सुशान्त बोहराले कास्य जिते ।

११ देखि १२ वर्ष उमेर समूहको ५० मिटर ब्रेस्ट स्ट्रोक पुरुषतर्फ काठमाडौंका जोर्डन श्रेष्ठ स्वर्ण पदक जित्दा, नेपालगञ्जका दिवसले रजत पदक हात पारे । १३-१४ वर्षको एक सय मिटर ब्रेस्ट स्ट्रोकमा काठमाडौंका जदेन श्रेष्ठले स्वर्ण जितेका छन् । काठमाडौंकै अर्थव सिंहले रजत पदक जितेका थिए ।


**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
**सानोठिमी भक्तपुर**

**श्री नेशनल मानस विकास सेवा प्रा.लि. नेपालगञ्ज न.पा. (साविक वडा नं. -१६ हाल वडा नं. -१२ बाँकेको नाम परिवर्तन सम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी अत्यन्त जरुरी सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७८।०७।२८**

यस परिषद् कार्यालयबाट सम्बन्धन /स्वीकृती लिई विभिन्न छोटो अबधीको तालीम सञ्चालन गर्ने संस्था श्री नेशनल मानस विकास सेवा प्रा.लि. नेपालगञ्ज न.पा. (साविक वडा नं. - १६ हाल वडा नं. -१२ बाँकेले संस्थाको नाम परिवर्तन गरी श्री नेशनल मानस विकास ट्रेनिङ्ग इन्स्टिच्यूट प्रा.लि. नेपालगञ्ज न.पा. (साविक वडा नं.-१६ हाल वडा नं.-१२ बाँके कायम गराइ पाउ भनी दिएको निवेदन उपर यस परिषद् कार्यालयको मिति २०७८।०३।३१ गतेको निर्णय अनुसार उल्लेखित दुवै संस्था र कार्यक्रम प्रति कोही कसैको लेनदेन हकदावी विरोध सम्बन्धी कुनै प्रकारको गुनासो उजुरी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा प्रमाण सहित हकदादी उजुरी गर्नुहुन सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समयभित्र कसैको उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि माग भै आए अनुसार नाम परिवर्तन प्रकृया अगाडी बढ्ने व्यहोरा जानकारी गराइन्छ । साथै म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

प्राविधिक शिक्षा तथा
व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर ।
फोन नं. ०१-६६३०४०८



**राहदानी हरायो**

मिति २०७८/०५/२१ गते नारायणटार, जोरपाटीबाट चाबहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएकोले हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

नाम: आकाश स्याङतान
राहदानी नं.: १०८९३९४२
ठेगाना: महाभारत-२, काभ्रेपलाञ्चोक
सम्पर्क: 9841173575


# महिला क्रिकेट टिम कतार जाँदै



**काठमाडौं, मस–**आसन्न टी २० महिला विश्वकपको एशिया छनोटका लागि नेपाली टिम आइतबार कतारको दोहा प्रस्थान गर्ने भएको छ । बंगलादेशमा मैत्रीपुर्ण सिरिज खेलेर फर्किएको एक दिनपछि नै नेपाली टिम दोहा प्रस्थान गर्न लागेको हो । नेपाली महिला टिमले बंगलादेशमा भएको मैत्रीपूर्ण सिरिज जितेको थियो ।

नेपाली टिम दोहामा तीन खेलको सिरिज खेल्नेछ । जसमा पहिलो खेल मंगलबार खेल्नेछ भने दोस्रो खेल बुधबार र अन्तिम खेल बिहिबार खेल्नेछ । त्यसको अर्को दिन टिम दुबई प्रस्थान गर्नेछ ।

राष्ट्रिय टिमका पूर्व प्रशिक्षक जगत टमाटाको प्रशिक्षणमा रहेको महिला टिमले टी २० विश्वकपको एशिया छनोटमा पहिलो खेल हङकङसँग खेल्नेछ । यो प्रतियोगिताको शिर्ष स्थानमा रहने टिमले ग्लोबल छनोटमा स्थान बनाउनेछ । नेपाली महिला टिमलाई शनिबार राति क्यानका पदाधिकारीले विदाई गरेका छन् ।

# बाह्रबिसे कप मसिंर तेस्रो साता

**काठमाडौं, मस–**

सिन्धुपाल्चोकको बाह्रबिसेमा ‘बाह्रबिसे कप’ खुल्ला राष्ट्रब्यापी ब्याडमिन्टन प्रतियोगिता मंसिर तेस्रो साता आयोजना हुने भएको छ ।

आयोजक बाहृबिसेको खुर्सानीबारी खेलकुद कभर्डहलले शनिबार राजधानीमा पत्रकार सम्मेलनको आयोजना गर्दै सिल्क ग्रुपको प्रायोजन र बाह्रबिसे नगरपालिकाको सहयोगमा सिन्धुपाल्चोक जिल्लाकै हालसम्मको धेरै धनराशी भएको प्रतियोगिता गर्न लागेको जानकारी दिएको छ । प्रतियोगिता मंसिर १६ देखि १८ गते सम्म हुने बताइएको छ । प्रतियोगितामा चार इभेन्ट्स समेटिएको आयोजक खुर्सानीबारी खेलकुद कभर्डहलका अध्यक्ष तथा प्रतियोगिता संयोजक पविन्द्र कुमार श्रेष्ठले जानकारी दिए । प्रतियोगितामा ३ सय भन्दा बढी खेलाडीको सहभागिता रहने अनुमान गरिएको छ । प्रतियोगितामा पुरुष एकल, पुरुष डबल्स (शीर्ष एकल २० बाहेक), महिला एकल र भेट्रान्स डबल्स (४५ वर्षमाथि) को इभेन्ट्स समावेश गरिएको छ । पुरस्कारमा मात्रै ५ लाख ५० हजार रुपैयाँ रहेको छ । पुरुष डबल्समा राष्ट्रिय वरियताको शीर्ष २० मा रहेका खेलाडीले भाग लिन पाउने छैनन् ।

# प्रकाश दाहाल स्मृति दोस्रो राष्ट्रिय बक्सिङको तयारी पूरा

**काठमाडौं, मस–** सोमबारदेखि मंसिर ३ गतेसम्म हुन गइरहेको प्रकाश दाहाल स्मृति दोस्रो राष्ट्रिय बक्सिङ प्रतियोगिताको तयारी पूरा भएको छ । सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा हुन गइरहेको तयारी पूरा भएको नेपाल बक्सिङ संघले जनाएको छ ।



पाँच दिनसम्म चल्ने उक्त प्रतियोगिताको उद्घाटन युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराजले गर्ने भएका छन् । महिलातर्फ ८ तौल समूहमा तथा पुरुषतर्फ १३ वटा तौल समूहमा गरी २१ स्वर्णपदकका लागि भिडन्त हुने सो प्रतियोगितामा देशभरका मुक्केबाजले सहभागीता जनाउने भएका छन् । क्लब र जिल्ला गरी ३२ टीमबाट अहिलेसम्म एक सय १५ खेलाडीले प्रतिस्पर्धा गर्ने निश्चित भएको छ । दर्ताको क्रम जारी रहेको संघले जनाएको छ । दर्ता गर्ने समय आइतबार साँझसम्म रहेको छ । विभागीय टिम भने दर्ता भएको छैन । दर्ता भएका खेलाडीहरुको तौल र मेडिकल जाँच कार्तिक २९ गते बिहान ६ देखि ८ बजेसम्म हुनेछ । प्रतियोगिता दिउँसो १ बजेबाट शुरु हुनेछ । प्रतियोगितालाई सफल पार्नका लागि विभिन्न समिति तथा उपसमितिहरु गठन गरिएको केन्द्रीय सदस्य तथा प्रचारप्रसार समिति संयोजक पुष्करराज पन्तले जनाएका छन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: **HIGH HOUSE FOUNDATION FOR TOURIST ACCOMMODATION BRANCH** शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०७८/०७/२६ चलानी नं.: ६०१६६७३७३ L.T. No.:250299

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Windows Cleaner | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: **ADWAA RETAJ CONTRACTING EST** शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०७८/०७/२६ चलानी नं.: ६०१६७३७४ L.T. No.: 250300

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 8 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: **SARA FAHAD AL HAJRI FOR GEN CONT EST** शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०७८/०७/२६ चलानी नं.: ६०१६७३७५ L.T. No.: 250301

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 18 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ५ गते (21 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com



## साउदीमा रोजगार |

कम्पनी :Mawan Tailoring Company
शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०७/२६ चलानी नं.: ६०१६७२९२ LT. No.: 248176

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Tailor General | 4 | 0 | | 2000 | ६३,४२० | | | | | | | |
| 3. | Car Driver Light | 1 | 0 | | 1600 | ५०,७३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर ५ गते (21 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोन: ४५६०१६०, ४४७१४७१
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com



## SAUDI मा रोजगार |

कम्पनी : GOURMET FOOD CO
शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०७/२६ चलानी नं.: ६०१६७३३२ LT. No.: 250509

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 5 | 0 | | 1600 | ५०,७३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ मंसिर ५ गते (21 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE



## WANTED

**RECEPTIONIST (F) : 1**

- **QUALIFICATIONS:** +2 Passed
- **EXPERIENCE** Minimum one year experience in the related field)

**Sundar Nepal Overseas Pvt. Ltd.**
Sinamangal-9, Kathmandu | Tel: 4478460
Email: Sundarnpo@gmail.com

गो.हु.का.द.नं. ३३/०६९/०७०





**धान थन्काउने चटारोमा कृषक**

तनहुँको व्यास नगरपालिका-३ पराशर चोकमा शनिबार धान केलाउँदै । जिल्लाका कृषकलाई यतिबेला धान काटेर थन्काउने चटारो छ । तस्वीर : कृष्ण न्यौपाने/रासस

# कामना सेवाको वार्षिकोत्सव सम्पन्न

**काठमाडौं/मस-** कामना सेवा विकास बैंक लिमिटेडले आफ्नो १५ औं वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी सम्पन्न गरेको छ । वार्षिकोत्सवको अवसरमा बैंकको केन्द्रिय कार्यालयमा शुभकामनासँगै सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान तथा निःशुल्क स्वास्थ्य सिविरको आयोजना गरिएको बैंकले जनाएको छ ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत प्रबिण बस्नेतले बैंकको प्रगति र भावी योजनाको बारेमा जानकारी गराएका थिए ।



बैंकका अध्यक्ष सुदिप आचार्यले बैंकको आजसम्मको यात्रामा सहयोग र साथ दिने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्जलगायतप्रति आभार व्यक्त गरे ।

हिमाल अस्पतालको सहकार्यमा आयोजना गरिएको रक्तदान तथा निःशुल्क स्वास्थ्य शिविरमा बैंकका कर्मचारी र स्थानीयले रक्तदान गर्नुका साथै निःशुल्क स्वास्थ्य परीक्षणसमेत गरेका छन् । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत २१ कातिक देखि २७ कातिकसम्म देशका विभिन्न स्थानमा १५ भन्दा बढी समाजिक कार्यक्रमहरु सम्पन्न गरेको छ ।

# गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (जिडीपी) ३ खर्ब ७२ अर्ब

## देशको अर्थतन्त्रमा ८.७ प्रतिशत योगदान

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, २७ कात्तिक ।

राष्ट्रिय अर्थतन्त्रमा गण्डकी प्रदेशको हिस्सा ८.७ प्रतिशत हुने देखिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०७७/७८मा गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन अनुसार गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन ३ खर्ब ७२ अर्ब पुगेको छ । जुन राष्ट्रिय अर्थतन्त्रको ८.७ प्रतिशत मात्रै हुन आउँछ ।

गण्डकी प्रदेशको आर्थिक वृद्धिदर भने ३.६ प्रतिशत रहने अनुमान गरिएको छ । गत आर्थिक वर्षको आर्थिक वृद्धिदर -१.६ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०७७/७८ मा देशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.८ प्रतिशत, १३.१ प्रतिशत र ६१.१ प्रतिशत रहेकामा गण्डकी प्रदेशमा यस्तो अंश क्रमशः २८.२ प्रतिशत, १७.५ प्रतिशत र ५४.४ प्रतिशत रहेको अनुमान छ ।

प्रदेशको क्षेत्रगत संरचना हेर्दा, कृषि क्षेत्रमा वागमती प्रदेश पछि सबैभन्दा कम योगदान गण्डकी प्रदेशको रहेको छ । अन्य प्रदेशको तुलनामा उद्योग क्षेत्रमा यस प्रदेशको योगदान सबैभन्दा बढी (१७.५ प्रतिशत) रहेको छ भने सेवा क्षेत्रको योगदान वाग्मती र कर्णाली प्रदेश पछि तेश्रो स्थानमा रहेको छ ।



गण्डकी प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन ०.७ प्रतिशतले बढेको छ । खाद्य बालीमा कोदोको उत्पादन १.२ प्रतिशत, आलुको उत्पादन ८.२ प्रतिशत, भटमासको उत्पादन ६.५ प्रतिशतले वृद्धि भएको छ । खाद्य तथा अन्य बाली मध्ये धान २.७ प्रतिशत, गहुँ ४.५ प्रतिशत र फापर ०.२ प्रतिशत घटेको छ । तरकारी तथा बागवानी तर्फको उत्पादन १.३ र फलफूल तथा मसला बालीको उत्पादन १०.३ प्रतिशतले वृद्धि भएको छ ।

पशुजन्य उत्पादनतर्फ; दूध उत्पादन १४.४ प्रतिशत, मासुको उत्पादन ७.८ प्रतिशत र माछाको उत्पादन ५२.५ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादनतर्फ काठको उत्पादन २९.८ प्रतिशतले घटेको छ ।

अध्ययनमा समेटिएका उद्योगहरुको औसत उत्पादन क्षमता उपयोग ४० प्रतिशत रहेको छ । औद्योगिक उत्पादनतर्फ तोरीको तेल, प्रशोधित दूध, विस्कुट, चकलेट, वियर, चुरोट, औषधि तर्फ ट्याबलेट र क्यापसुल, इटा र सिमेन्टको उत्पादनमा वृद्धि भएको छ भने चाउचाउ, औषधितर्फ ओइन्टमेन्ट र ड्राइ सिरपको उत्पादनमा ह्रास आएको छ ।

सेवा क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुबाट संकलित कुल निक्षेप २०७७ असार मसान्तको तुलनामा २२.४ प्रतिशतले वृद्धि भई ३ खर्ब ६८ अर्ब ३२ करोड रुपैयाँ पुगेको छ । कुल कर्जा प्रवाह २७.७ प्रतिशतले वृद्धि भइ ३ खर्ब १५ अर्ब ६५ करोड रुपैयाँ पुगेको छ ।

पूर्वाधार क्षेत्र अन्तर्गत निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनामध्ये पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको कार्य प्रगति करिब ८१ प्रतिशत र उत्तर-दक्षिण लोकमार्ग (कालीगण्डकी कोरिडोर) को कार्य प्रगति करिव ७२.५ प्रतिशत रहेको छ ।

मध्य पहाडी लोकमार्गको गोरखा-लमजुङ खण्डको करिब १११ कि.मि.मध्ये ५५ प्रतिशत र कास्की-पर्वत- बाग्लुङ खण्डको करिब २४५ कि.मि. मध्ये ८० प्रतिशत कार्य सम्पन्न भएको प्रतिवेदनमा उल्लेख छ ।

# तीन महिनामा ६ अर्ब ८० करोड पुनरकर्जा

राष्ट्रिय वाणिज्य बैंकबाट सबैभन्दा धेरै १ अर्ब बढी कर्जा प्रवाह भएको छ । बैंकले विभिन्न ८ वटा उद्योग तथा संस्थालाई पुनरकर्जा सुविधा दिएको देखिएको हो ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ कात्तिक ।

चालू आर्थिक वर्षको तीन महिनामा ६ अर्ब ८० करोड १३ लाख रुपैयाँ बराबरको पुनरकर्जा गएको छ । नेपाल राष्ट्र बैंकका अनुसार यो अवधिमा ५५ वटा उद्योग तथा संघसंस्थाले पुनरकर्जा सुविधा लिएका हुन् ।

सबैभन्दा बढी पुनरकर्जा राष्ट्रिय वाणिज्य बैंकबाट प्रवाह भएको देखिएको छ । त्यसपछि प्राइम कमर्सियल बैंक, ग्लोबल आइएमई बैंक, कुमारी बैंक, एनआईसी एशिया बैंक, सिद्धार्थ बैंक, मेगा बैंकले पुनरकर्जा प्रवाह गरेका छन् । यस्तै प्रभु बैंक, बैंक अफ काठमाडौं, नेपाल इन्भेष्टमेन्ट बैंक, नेपाल क्रेडिट एण्ड कमर्श बैंक, एनएमबी बैंक, सानिमा बैंक, हिमालयन बैंक, एभरेष्ट बैंक, सेञ्चुरी कमर्शियल , कामना सेवा विकास बैंकले पनि पुनरकर्जा प्रवाह गरेका छन् ।

राष्ट्रिय वाणिज्य बैंकबाट सबैभन्दा धेरै १ अर्ब बढी कर्जा प्रवाह भएको छ । बैंकले विभिन्न ८ वटा उद्योग तषा संस्थालाई पुनरकर्जा सुविधा दिएको देखिएको हो ।

प्राइम कमर्सियल बैंकबाट होटल सिटी पार्कले ३ करोड २४ लाख रुपैयाँ पुनरकर्जा लिएको छ भने, स्टाण्डर्ड चार्टर्ड बैंकबाट होटल न्यू ईराले ३ करोड ७६ लाख, होटल रेन फरेष्ट प्रालिले ९ करोड ३३ लाख, नेपाली घर होटल प्रालीले १६ करोड, होटल मुन लाइटले १५ करोड ९१ लाख र एक्सक्लुसिभ फेव्रिक इण्डिष्ट्रिज प्रालिले ५ करोड ४७ लाख रुपैयाँ पुनरकर्जा सुविधा लिएका छन् ।



यो अवधिमा कुमारी बैंकले २८ करोड बढी पुनरकर्जा प्रवाह गरेको छ । एनआईसी एशियाले २३ करोड ७६ लाख रुपैयाँ पुनरकर्जा प्रवाह गरेको देखिएको छ ।

सिद्धार्थ बैंकबाट तीन वटा होटलले पुनरकर्जा लिएका छन् । होटल पोखरा भिलेजले ९ करोड ८६ लाख, डाइमोन्ड हिल रिसोर्टले ७ करोड ५० लाख र होटल शारा प्रालिले २० करोड लगेका छन् । मेगा बैंकले पनि विभिन्न उद्योग तथा संस्थालाई ६२ करोड बढी पुनरकर्जा प्रवाह गरेको छ । ग्लोबल आईएमई बैंकले भने १ करोड भन्दा कम पुनरकर्जा प्रवाह गरेको छ ।

प्रभु बैंकबाट ४७ करोड बढी पुनरकर्जा गएको छ भने बैंक अफ काठमाण्डूले ५२ करोड बराबरको पुनरकर्जा प्रवाह गरेको छ ।

नेपाल इन्भेष्टमेन्ट बैंकबाट असोज मसान्त सम्म ३६ करोड भन्दा बढी पुनरकर्जा प्रवाह भएको देखिएको छ । यो अवधिमा नेपाल क्रेडिट एण्ड कमर्श बैंकले २६ करोड बढी कर्जा प्रवाह गरेको छ । एनएमबि बैंकबाट पनि ८ करोड बढी पुनरकर्जा प्रवाह भएको देखिएको छ । सानिमा बैंकबाट झण्डै ३० करोड र हिमालयन बैंकबाट २६ करोड बढी पुनरकर्जा गएको देखिएको छ ।

एभरेष्ट बैंकबाट झण्डै १४ करोड पुनरकर्जा गएको छ भने सेञ्चुरी कमर्शियल बैंकबाट ४० करोड बराबरको पुनरकर्जा गएको देखिएको छ । त्यसबाहेक केही विकास बैंक र फाइनान्स कम्पनीबाट पनि पुनरकर्जा गएको देखिएको छ ।

# ढाका उत्पादनहरुको प्रदर्शनी मेला पुस पहिलो साता

**काठमाडौं/मस-** ढाका कपडा र यसबाट बनेका वस्तुहरुको प्रवर्द्धन र बजारीकरण गर्ने उद्देश्यले व्यवसायीहरुको राष्ट्रिय सम्मेलन तथा दोस्रो ढाका वस्तु प्रदर्शनी आगामी पुस पहिलो साता काठमाडौंमा आयोजना हुने भएको छ। नेपाल घरेलु तथा साना उद्योग महासंघ केन्द्र र नेपाल ढाका कपडा उद्योगी व्यवसायी संघको संयुक्त आयोजनामा आगामी पुस २ देखि ४ गतेसम्म काठमाडौंको बानेश्वर थापागाउँस्थित बानेश्वर ब्याङ्क्वेटमा हुन लागेको हो ।

विगतमा महासंघको पहलमा ढाका उद्यमी व्यवसायीहरुको छाता संस्थाको रुपमा नेपाल ढाका कपडा उद्योगी व्यवसायी संघको केन्द्रीय तदर्थ समितिलाई व्यवस्थित ढंगले अगाडी बढाउन केही कठिनाई परेको विगतको अनुभवको आधारमा सो संघलाई पुर्नगठनसमेत गर्नेगरी पुस २ गते देशभरका ढाका उद्योगी तथ व्यवसायीहरुको राजधानीमा भेला आयोजना गरिन लागेको हो । यस्तै पुस २ र ३ गते दोस्रो ढाका वस्तु प्रदर्शनी पनि आयोजना गर्ने गरी तयारी भइरहेको संघले जनाएको छ ।

परापूर्वकालदेखि चलि आएको परम्परागत उद्योग व्यवसायहरु मध्ये नेपालको एक मौलिक उत्पादन ढाका कपडा थोरै पुँजी, परम्परागत प्रविधि र स्थानीय जनशक्तिमा आधारित रहेको छ । ढाका उद्योग व्यवसाय जुनकुनै स्थानमा पनि सजिलैसँग सञ्चालन गर्न सकिने भन्दै संघले देशको सुदूर पूर्वदेखि सुदूर पश्चिमसम्म सबै ग्रामिण, अर्धशहरी तथा शहरी क्षेत्रहरुमा घरायसी एवं व्यवसायिक प्रयोजनका लागि ढाका कपडा तथा ढाका वस्तु उत्पादन र प्रयोग गर्ने कार्य हुँदै आएको छ ।

मेलाबाट ग्रामिण क्षेत्रमा स्व-रोजगार तथा रोजगार एवं आयबृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह भएको छ भने अर्कोतिर वैदेशिक व्यापार घाटा न्यूनीकरण गर्न समेत सहयोग पुर्‍याउने महासंघका अध्यक्ष श्याम प्रसाद गिरीले बताए । देशकै यस्तो महत्वपूर्ण मौलिक उत्पादनका खास गरेर तीन वटा महत्वपूर्ण पाटाहरु रहेको भन्दै उनले भने, 'पहिलो स्वदेशी वजारमा व्यापकता प्रदान गर्दै विदेशबाट आयात हुने कपडाको मात्रा न्यूनीकरणमा सहयोग पुर्‍याउनु, दोस्रो स्थानीयस्तरमा रोजगारी सिर्जना गर्नु, ढाका वस्तु उत्पादन गरी बजारीकरण र त्यसको निकासीबाट उद्यमी तथा राष्ट्रलाई हुने लाभ र तेस्रो नेपाली मौलिक उत्पादनको विश्व वजारमा प्रचार, प्रसार र पहिचान एवं प्रवर्द्धन हुन गई फेशन इण्डष्ट्रिमा परम्परागत र नविन वस्तुको रुपमा स्थापित हुनु हो ।'

हालसम्म ढाका कपडा उत्पादनमा परम्परागत सीप शैली डिजाइन प्याटर्नको मात्र प्रयोग भइरहेकोमा अहिले आएर यसका उत्पादनहरुमा बजारको माग तथा बदलिँदो परिवेशअनुसार उत्पादन विविधिकरण कार्यको थालनी भएको छ । ढाका व्यवसायको वर्तमान स्थितिको विश्लेषण गरी यस व्यवसायमा देखा परेका समस्याहरु तथा समाधानका उपायहरुको पहिचान गरेर सम्बन्धित निकायमा रचनात्मक सुझाव दिन, ढाका बुन्न प्रयोग हुने सूती धागोमा भ्याट लगाउने कार्यका लागि विभिन्न स्वार्थ समूहबाट हुने र भइरहेको प्रयास लगायत ढाकासँग यावत विषय बारे गहन छलफल गर्न ढाका उद्यमीको राष्ट्रिय भेला बोलाउन लागिएको हो ।

# भक्तपुर बचत लिमिटेडको अध्यक्षमा कृष्णगोविन्द लाखाजु




**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २७ कात्तिक ।

भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको छाता संगठन भक्तपुर जिल्ला वचत तथा ऋण सहकारी संस्था लिमिटेड भक्तपुरको सञ्चालक समितिमा कृष्ण गोविन्द लाखाजु अध्यक्षमा चुनिएका छन् ।

भक्तपुर बचतको १७ औ वार्षिक साधारणसभाबाट लाखाजुको अध्यक्षतामा सर्वसम्मत रुपमा नयाँ कार्यसमिति चयन गरिएको हो । त्यस्तै समितिको उपाध्यक्षमा हरि बल्ल, सचिब जगन्नाथ प्रजापति र कोषाध्यक्ष कान्छा भक्त घजु चुनिएका छन् ।

सदस्यहरुमा पञ्चकृष्ण श्रेष्ठ, काजीबहादुर पञ्च, इन्द्र प्रसाद ब्यान्जु, कृष्णस्वरी प्रजापति र सन्तोषी खतिवडा चुनिएका छन् । लेखा सुपरिवेक्षण समितिको संयोजकमा बालमुकुन्द उपाध्याय र सदस्यहरुमा श्रीप्रसाद त्यातजु तथा शुशिला पराजुली चयन भएका छन् । साधारणसभाको उदघाटन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेंले गरेका थिए ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रक: रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**